'धरानको खानेपानी समस्या समाधानका लागि सहकार्य जरूरी छ' पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २७ •अंक ६० • २०८२ साल साउन ३ गते शनिबार (18 July, Saturday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## 'एमालेसँगको सत्ता सहकार्य राष्ट्रिय आवश्यकता'



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले नेकपा एमालेसंगको सत्ता सहकार्य वर्तमान सन्दर्भमा राष्ट्रिय आवश्यकता रहेको बताएका छन् ।

झापाको दमकमा शुक्रबार आयोजित पार्टी नेता, कार्यकर्ताहरुसँगको संक्षिप्त भेटघाटमा उनले एमालेसंगको सत्ता सहकार्य नभत्किने बताए ।

उनले प्रतिगामी शक्तिहरु सल्बलाएको र लोकतन्त्रमाथि प्रहार गर्न खोजेका कारण लोकतन्त्र पक्षधर दुई ठूला दल कांग्रेस र एमालेबीचको सहकार्यका लागि पार्टी सभापति शेरबहादुर देउवाले चालेको कदम उचित भएको टिप्पणी गरे ।

त्यसअघि नेता यादवले दमकमा पार्टी कार्यकर्ताहरुसँगको अनौपचारिक भेटघाटमा कांग्रेस भित्र अनुशासनको खडेरी रहेकाले चुनावमा घात अन्तर्घातले सिंगो पार्टीलाई नोक्सान गरिरहेको फेहरिस्त पनि प्रस्तुत गरेका थिए ।

पार्टीको केन्द्रीय अनुशासन समितिमा २ हजार १ सय उजुरीहरु परेको बताउँदै नेता यादवले अहिले १५/२० वटा उजुरीमाथि मात्रै सुनुवाई भएको र चुनावमा पार्टी भित्र अन्तर्घातको खेलमा रमाउने तत्वहरूले सधैं अनुशासनको कारवाही गर्दा खैलाबैला मच्चाउने गरेको पनि टिप्पणी गरे ।

### जनमत सरकारको अन्तिम महिना

# नेपाली कांग्रेसबाट मुख्यमन्त्री निश्चित, राउतसित ओली आक्रोशित

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको नेतृत्वबाट जनमत पार्टी साउन महिना भित्रै बाहिरिने भएको छ । सत्ता गठबन्धन नेपाली कांग्रेस र नेकपा एमालेबीच जनमत पार्टीलाई सरकारको नेतृत्वबाट हटाउने सहमति भएको छ ।

गत वर्ष जेठ महिनामा कांग्रेस, एमाले र जनमत पार्टीबीच भएको सहमति अनुसार १ वर्षका लागि सरकारको नेतृत्व जनमत पार्टीले गर्ने थियो । त्यो सहमतिलाई टेकेर कांग्रेसले नेतृत्वमा दाबी गरेको छ ।

कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीबीच मधेश प्रदेशमा सरकारको नेतृत्व परिवर्तन गर्ने सहमति भइसकेको छ । प्रधानमन्त्री ओलीले सरकारको नेतृत्व कांग्रेसले गर्ने सहमति जनाएका छन् ।

'कांग्रेस सभापति देउवा र प्रधानमन्त्री ओलीबीच मधेश प्रदेशमा सरकारको नेतृत्व फेर्ने सहमति भइसकेको छ' कांग्रेसका एकजना पदाधिकारीले भने, तर प्रधानमन्त्री एमालेको आन्तरिक बैठकमा व्यस्त रहेकाले हटाइने तिथि तय भइसकेको छैन ।

मधेश प्रदेश कांग्रेस संसदीय दलका नेता कृष्णा यादवले मधेश प्रदेश सरकारको विषयमा सभापति देउवासित शुक्रबार भेंटेका छन् । सभापति देउवाले प्रधानमन्त्री ओली पार्टीको बैठकमा व्यस्त रहेकाले जनमत पार्टीलाई हटाइने तिथि तय भइनसकेको जनाएको बताइएको छ ।

२०८१ सालको जेठ महिनाको अन्तिम हप्तादेखि मधेश प्रदेशमा जनमत पार्टीका सतीश कुमार सिंहले सरकारको नेतृत्व गरिरहेका छन् । पार्टी अध्यक्ष डा.सी.के.राउतले मधेश प्रदेश संसदीय दलका नेता महेशप्रसाद यादवलाई उछिनेर सिंहलाई मुख्यमन्त्री बनाएका थिए । त्यसले जनमत पार्टीमा असन्तुष्टि बढाएको छ ।



मधेश प्रदेशमा सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीका अध्यक्ष डा. राउत र प्रधानमन्त्री ओलीबीच कयौं पटक खटपट भएको छ । तर मधेशमा जनता समाजवादी पार्टी(जसपा) नेपालको विकल्पमा राउतलाई ओलीले साथ दिँदै आएका छन् । संघीय सरकारबाट जनमतलाई हटाइए पनि मधेश प्रदेशमा निरन्तरता दिएको प्रधानमन्त्री ओलीले सरकारको नेतृत्व परिवर्तन गर्नेमा सत्ता साझेदार देउवासित सहमति गरिसकेका छन् ।

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले जनाए अनुसार कांग्रेस र एमालेका शीर्ष नेताहरुबीच मधेश प्रदेश सरकारको नेतृत्व कांग्रेसलाई दिनेमा सहमति भइसकेको छ ।

'मधेश प्रदेशमा सत्ता समीकरण फेरिएको बखत नै एक वर्षपछि कांग्रेसले सरकारको नेतृत्व गर्ने सहमति भएको हो' उनले भने, सहमति अनुसार नै सरकारको नेतृत्व गर्ने पालो कांग्रेसको आएको छ ।

जनमत पार्टीका अध्यक्ष डा.राउतले पछिल्लो पटक राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का अध्यक्ष रवि लामिछानेको पक्षमा हस्ताक्षर गरेका छन् । रास्वपाको कार्यालयमा नै गएर राउतले लामिछानेको पक्षमा पार्टीले चलाएको हस्ताक्षर अभियानमा सहभागी बनेका छन् ।

रास्वपाको पक्षमा राउतले प्रतिनिधि सभामा समेत धारणा राख्दै आएका थिए । एमालेले उपसभामुखलाई हटाउने पहल गर्दा जनमतका अध्यक्ष राउतले विरोध गरेका थिए । त्यस बखत पनि उनलाई प्रधानमन्त्री ओलीले सचेत गराएका थिए ।

पछिल्लो पटक लामिछानेको पक्षमा राउतले हस्ताक्षर गरेपछि प्रधानमन्त्री ओली निकै असन्तुष्ट देखिएका छन् । मधेश सरकारको नेतृत्वबाट जनमतलाई हटाउन राउतको सो कदमले समेत मलजल गरेको छ । संघीय सत्ता गठबन्धनको बैठकमा जनमतलाई सहभागिता गराउन छाडिएको छ ।

मधेश प्रदेशको सत्तापक्षमा हाल नेकपा एमालेको २५, नेपाली कांग्रेसको २२, जनमत पार्टीको १३ र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालको ९ जना सभासद छन् । जसमध्ये एमालेका १ जना सभामुख , १ जना निलम्बनमा र लोसपा नेपालबाट पनि १ जना निलम्बनमा रहेका छन् ।

जनमत पार्टीलाई सरकारको नेतृत्वबाट हटाइएपछि कांग्रेस नेतृत्वको सरकारलाई जनमतले समर्थन नगरे गठबन्धनलाई सरकार बनाउन बहुमत पुग्ने छैन । मधेश प्रदेशमा सरकार बनाउन ५४ जना चाहिन्छ । एमाले, कांग्रेस र लोसपा गरी ५६ जना सभासद रहेका छन् । त्यस मध्ये १ जना सभामुख र २ जना निलम्बनमा रहेकाले सरकारका लागि चाहिने ५४ जना सभासद पुग्ने छैन । तर हाल विपक्षमा रहेका संघीय समाजवादी पार्टीका १ जना सभासदले समर्थन गर्न सक्ने प्रवल सम्भावना छ ।

हाल सरकारको पक्षमा ६९ जना र विपक्षमा ३८ जना छन् । त्यसमध्ये साना ३ दल संघीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका १/१ जना सभासद् छन् ।






# 'सिड' ले दिएका सिफारिस कार्यान्वयनका लागि गम्भीर बन्नुपर्नेमा जोड

काठमाण्डु । संयुक्त राष्ट्रसङ्घको महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन महासन्धिसम्बन्धी (सिड) समितिमा नेपालको सातौँ आवधिक प्रतिवेदनमा 'दलित र अपाङ्गता भएका महिला तथा किशोरी' बारे प्रदान गरिएका निष्कर्षात्मक टिप्पणीबारे छलफल भएको छ ।

दलित महिला सङ्घ (फेडो) लगायत नागरिक समाजका सङ्घसंस्थाद्वारा शुक्रबार आयोजित छलफलमा वक्ताहरूले दलित र अपाङ्गता भएका महिला तथा किशोरीबारे प्रतिवेदनमार्फत राखिएका चासो, त्यसका सवाल र सिफारिस कार्यान्वयनका लागि सबैपक्ष गम्भीर हुनुपर्नेमा जोड दिएका छन् ।

प्रतिनिधिसभा, महिला तथा बालबालिका समितिका सभापति किरणकुमार साहले प्रतिवेदनमा दिइएका उदाहरण दिँदै थप सफलताका लागि तीनै तहका सरकार र सरोकार भएकाबीच सहकार्य आवश्यक रहेको बताउनुभयो । "सिफारिस कार्यान्वयन हुँदैछन्, भलै समग्र उपब्धिबारे सरकार र नागरिक समाजका फरकफरक बुझाई छन् । अब उपलब्धि र समस्याबारे आमसरोकारवालाबीच साझा बुझाई बनाएर अगाडि बढौँ", उहाँले भन्नुभयो, "सरकारले कार्यान्वयन रणनीति र त्यसका लागि समिति पनि बनाएको छ । त्यसले तीनै तहका सरकार, सेवा प्रदायक र सेवाग्राहीसमेतले यस विषययमा थाहा पाउने गरी सचेतना बढाउन लाग्नुपर्छ । आयोगले पनि सबैसँग समन्वय गरी आफ्नो दायित्व निर्वाह गर्नेछ ।"

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले दलित तथा सीमान्तकृत महिलाको अधिकारका सवालमा




सिफारिसबारे समिति बैठकमा दुईपटक छलफल भइसकेको र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री, सचिवलाई नै बोलाएर सिफारिस कार्यान्वयनका लागि गम्भीर बन्न निर्देशन दिइएको बताउनुभयो ।

उहाँले संयुक्त राष्ट्रसङ्घको महत्त्वपूर्ण समिति सिडले दिएका सिफारिसअनुसार काम भइरहेको भनिए पनि अझै धेरै समस्या रहेकाले सरकार, नागरिक समाजका संस्थालगायत सबैले थप रणनीति बनाएर काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

"नेपालले अन्तरराष्ट्रिय मञ्चहरूमा महिला अधिकारका सम्बन्धमा थुप्रै प्रतिबद्धता जनाएको छ । प्रतिबद्धता कार्यान्वयन गर्नैपर्छ । त्यसअनुसार काम पनि भइरहेका छन्, समितिले पनि गम्भीर चासो राखेर सरोकार भएकाहरूसँग छलफल गरेको छ । कार्यान्वयनको स्थितिबारे अध्ययन गर्न उपसमिति पनि बनाएको छ", सभापति साहले भन्नुभयो,"अब समितिको प्रतिवेदन आएपछि सबै पक्षसँग छलफल गर्छौं । यसमा काम गरिरहेका नागरिक समाजका सङ्घसंस्थासँग छलफल गरेर समस्याको पहिचान र कार्यान्वयन रणनीति बनाउन सहजीकरण गर्छौं ।"

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले सिडले दिएका सिफारिस कार्यान्वयनका सन्दर्भमा उपलब्धि हासिल भइरहेका सिडले महत्त्वपूर्ण सिफारिस गरेकाले तिनको कार्यान्वयन अपरिहार्य रहेको बताउनुभयो । उहाँले सरकार र सम्बद्ध निकायले कागजमा परेका प्रतिबद्धता व्यवहारमा लागू गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । "सरकारका कागज हेर्दा नेपाल धेरै अगाडि छ । नागरिक समाजका गुनासा सुन्दा धेरै समस्या छन् भन्ने हुन्छ । यी दुवैमा पूर्ण सत्यता छैन, काम भएका छन्, त्यसमा गति बढाउन आवश्यक छ । आयोगले सम्बद्ध सरोकार भएकाहरूसँग सहकार्य गरी यस विषयमा आफ्नो भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्दछु ।"

फेडोका संस्थापक अध्यक्ष दुर्गा सोवले 'दलित र अपाङ्गता भएका महिला तथा किशोरीहरू'बारे प्रदान गरिएका निर्ष्कषात्मक टिप्पणी-२०२५ र आगामी कार्यान्वयनको बाटो' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यसक्रममा उहाँले सातौं आवधिक प्रतिवेदनमाथि गत फ्रेब्रुअरी ३ देखि २१ मा विभिन्न सुझावसहित निष्कर्ष टिप्पणी दिएका सिफारिसमा नेपाललाई ८२ वटा सिफारिस दिएको बताउनुभयो ।

"यसपटक सिड समितिमा नेपालका नागरिक समाजकोतर्फबाट २८ वटा सातौं आवधिक प्रतिवेदन पेस गरिएका थिए । यसैको परिणामस्वरुप यसपटक नेपाललाई प्राप्त निष्कर्षात्मक टिप्पणी पूर्णतयाः महिला र त्यसभित्र पनि सीमान्तकृत र बहिष्करणमा पारिएका महिला तथा किशोरीमैत्री बन्न पुगेको छ", सोवले भन्नुभयो, । रासस

# संविधानको सुरक्षाका लागि सरकारले काम गरिरहेको छ : गृहमन्त्री लेखक



काठमाण्डु । गृहमन्त्री रमेश लेखकले संविधानको सुरक्षाका लागि सरकारले काम गरिरहेको बताउनुभएको छ ।

राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको शुक्रबारको शान्ति सुरक्षासम्बन्धी छलफलमा उहाँले संविधानको रक्षालाई सरकारले पहिलो प्राथमिकतामा राखेको बताउनुभएको हो । सुरक्षामा तीन चुनौती रहेको उल्लेख गर्दै गृहमन्त्री लेखकले त्यसको सामनाका लागि मन्त्रालयले मातहतका निकायलाई समन्वयात्मक परिचालन गरिरहेको जानकारी गराउनुभयो ।

लागुऔषध, सडक दुर्घटना र आत्महत्याका विषय अहिलेको तीन सुरक्षा चुनौतीका रूपमा रहेको उहाँले बताउनुभयो । लोकतन्त्र र विकासका लागि शान्ति, सुरक्षा आधारभूत विषय भएको गृहमन्त्री लेखकको भनाइ छ ।"सीमा सुरक्षाका विषयमा सरोकार भएका निकायसहितको बैठक यसै महिनामा भारतसँग गर्नेगरी तयारी भएको छ, यो बैठक समस्या समाधानका लागि सहयोगी हुने आशा गरिएको छ", उहाँले भन्नुभयो ।

प्रहरी अहिलेसम्म नियमावलीकै आधारमा चलिरहेकामा अब ऐन बनाउन लागिएको गृहमन्त्री लेखकले बताउनुभयो ।

छाउपडी प्रथाका कारण हुने समस्या समाधानका लागि स्थानीय तहले नै पहल गर्नुपर्ने उहाँको भनाइ थियो ।

कानुनअनुसार चालु आर्थिक वर्षमा छुट्याइएको बजेटबाट प्रहरीका लागि आवश्यक हतियार खरिद गरिने जानकारी पनि उहाँले दिनुभयो । सुरक्षाका लागि पूर्वाधार निर्माण र हतियार खरिद दुवै आवश्यक भएको मन्त्री लेखकले बताउनुभयो । 'भिजिट भिसा'का सम्बन्धमा उच्चस्तरीय समितिले दिने सुझावका आधारमा नीतिगत सुधार गर्न सरकार तयार रहेको जानकारी पनि उहाँले बैठकमा गराउनुभयो ।

समिति सभापति सोनाम गेल्जेन शेर्पाले शान्ति सुरक्षाका विषयमा भएका विभिन्न समस्या समाधानका लागि सरोकार भएका सबै निकायलाई बोलाएर शुक्रबारको बैठक गरिएको जानकारी दिनुभयो । बैठकमा सांसदहरू जगप्रसाद शर्मा, उदयबहादुर बोहरा, मोहम्मद खालिद, इन्दिरादेवी गौतम, दुर्गा गुरुङ, विष्णुकुमारी सापकोटा, नारायणदत्त मिश्र, राजेन्द्रलक्ष्मी गैह्रे, गोपीबहादुर सार्की, किरणबाबु श्रेष्ठ, शेखरकुमार सिंहलगायतले शान्ति, सुरक्षा एवं विपद्ले पारेका समस्याका बारेमा गृह प्रशासनको ध्यानाकर्षण गराउनुभएको थियो ।

गृह मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले कारागारमा उद्यम केन्द्र स्थापना गरी योग, ध्यान शिविरका साथै मनोपरामर्श पनि दिएर सत्मार्गमा लाग्ने वातावरण बनाइएको जानकारी गराउनुभयो । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थललाई व्यवस्थित गर्ने काम मन्त्रालयको मात्र नभएको उहाँले बताउनुभयो ।

नेपाल प्रहरीका महानिरीक्षक दीपक थापाले विसं २०७६ पछि प्रहरीको दरबन्दी थप नहुँदा काममा अप्ठ्यारो भएको जानकारी गराउनुभएको थियो ।रासस

# सशस्त्र प्रहरीद्वारा भन्सार छलीका सामान बरामद



वीरगञ्ज । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले गत आर्थिक वर्षमा रु ४० करोड ९१ लाख ९७ हजार तीन सय ७७ मूल्य पर्ने भन्सार छली तथा बिलबीजक नभएको सामान बरामद गरेको छ । सशस्त्र प्रहरीले आव २०८०/८१ को तुलनामा गत आव भरिमा रु छ करोड ५४ लाख ६२ हजार ९३ मूल्य पर्ने भन्सार छलीका सामान बरामद गरेको हो ।

सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गणका गणपति राधेश्याम धिमालले अघिल्लो आवको तुलनामा गत आवमा भन्सार छली गरेर भित्र्याइने समानको बरामद बढी भएको बताउँदै सिमानाकामा सुरक्षासर्तकता बढाएसँगै भन्सार छलीका सामान बढी बरामद भएका जानकारी दिनुभयो ।

"आव २०८०/८१ मा रु १४ करोड ९९ लाख पाँच हजार पाँच सय २८ मूल्य बराबरका भन्सार छली गरेर भित्र्याइएका अवैध समान वीरगञ्ज भन्सार कार्यालयलाई बुझाएका थियौँ", उहाँले भन्नुभयो, "आव २०८१/८२ मा भने रु २८ करोड ९२ लाख ५० हजार एक सय ९९ मूल्य पर्ने भन्सार छलीका सामान वीरगञ्ज भन्सारमा दाखिला गरेका छौँ ।"

सशस्त्र प्रहरी पर्साले गत आव भरिमा रु ११ करोड ९९ लाख ४७ हजार एक सय ७८ मूल्य पर्ने बिलबीजक नभएका सामान राजस्व अनुसन्धान कार्यालय पथलैया बुझाएको छ ।

गणपति धिमालले गत आवमा सशस्त्र प्रहरीले भन्सार छली गरेर सामान भित्र्याउनेहरूको सुक्ष्म निगरानी गरेर भन्सार कार्यालयसँगको सहकार्यमा शङ्कास्पद गोदाममा नियमित अनुगमन गरेकाले छलीका सामान बरामद हुने क्रम बढेको जानकारी दिनुभयो । पछिल्लो समय यहाँका सीमानाकामा सिसि क्यामेरा, तालिम प्राप्त कुकुर परिचालन गरी नियमित जाँच गर्दै आएकाले पनि अवैध सामानको बरामद हुने क्रम बढेको सशस्त्र प्रहरीले जनाएको छ ।रासस

# भाषाभाषीबीचको विविधताले नेपालको पहिचान जोगाएको छ : सभापति देउवा

पाटन । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले भाषाभाषीबीचको विविधताले नेपालको पहिचान जोगाउने काम गरेको बताउनुभएको छ ।

नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घको केन्द्रीय कार्यसमितिद्वारा २८औँ स्थापना दिवसका अवसरमा कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा आज आयोजित शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा मन्तव्य राख्नुहुँदै सभापति देउवाले विभिन्न जातजातिका पहिचानलाई जोगाउँदै पहिचानसहितको राष्ट्र बनाउने कार्यले नेपाललाई सुन्दर बनाउने विश्वास व्यक्त गर्नुभयो ।

"विभिन्न भाषाभाषीहरू छन्, सुन्दरता हाम्रो मौलिकता हो, नेपाल सुन्दर छ, सम्पूर्ण आदिवासी जनजातिलाई कांग्रेसमा समाहित गराउन के गर्नुपर्छ हामी त्यो गर्न तयार छौँ", सभापति देउवाले भन्नुभयो ।

कांग्रेसका सहमहामन्त्री एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले मन्त्रालयले संस्कृतिसम्बन्धी नीति मन्त्रिपरिषद्मा पेस गरेको जानकारी उक्त नीति चाँडै पास हुने बताउनुभयो । उहाँले प्रत्येक जातजाति, भाषाभाषीका कला, संस्कृति, नेपालको जातीय र भाषिक विविधतालाई विश्वले महत्त्व दिएको भन्दै आदिवासी जनजातिका संवेदनशीलतालाई बुझेर संस्कृतिसम्बन्धी नीति बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

"संस्कृति भौतिक र अभौतिक दुवै हो, अभौतिक सम्पदा सूचीकरणका लागि एक सय पाँचवटा निवेदन पेस भएका छन्",



उहाँले भन्नुभयो । मन्त्री पाण्डेले भाषा आयोगको प्रतिवेदनले एक सय ३१ वटा भाषा रहेको तथ्याङ्क प्रस्तुत गरेको छ भन्दै देशभरका विभिन्न निकायले भौतिक सम्पदा र अभौतिक सम्पदालाई जोगाउनुपर्छ भन्नेमा जोड दिनुभयो ।

कांग्रेसका केन्द्रीय सदस्य जीपछिरिङ शेर्पाले नेपालमा रहेका एक सय २४ जातजातिको भाषा, धर्म, संस्कृति, सभ्यता, संस्कार र पहिचानलाई संरक्षण गर्न राज्यको नीतिगत व्यवस्था तयार गर्न कांग्रेसले भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

पार्टीका केन्द्रीय सदस्य एवं पार्टीको आदिवासी जनजाति विभागका प्रमुख दिलमान पाख्रिनले श्रद्धेय नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनेको अन्तरिम संविधानमा आदिवासी जनजाति, महिला, दलित र श्रमजीवी वर्गको हक अधिकार सुनिश्चित भएको भन्दै जाति, भूगोल, भाषा र भेषको आधारमा पहिचान, प्रतिनिधित्व र पहुँचमा पुर्याउन नेपाली कांग्रेसले नै उत्कृष्ट भूमिका निर्वाह गरेको बताउनुभयो ।

कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले जनताको आर्थिक समृद्धिका साथै हितका लागि निरन्तर काम गर्ने पार्टी कांग्रेस भएको भन्दै देशलाई समृद्धिको बाटोमा लैजान आदिवासी जनजातिहरूको भूमिका महत्त्वपूर्ण भएको बताउनुभयो ।

महासमिति सदस्य ग्याल्जेन शेर्पाले कांग्रेसमा सबै आदिवासी जनजाति अटाउन सक्ने अवस्था रहेको बताउनुभयो । देशभित्र आदिवासी जनजातिहरूको जनसङ्ख्या ३७ प्रतिशत हिस्सा रहेको भन्दै सरोकारवालाले जनसङ्ख्याका आधारमा राज्यको हरेक तहमा प्रतिनिधित्व, राजनीतिमा पहुँच पुर्याउन ध्यान दिनुपर्नेमा जोड दिनुभएको थियो ।रासस

# शिक्षामन्त्री र इजरायली राजदूतबीच छलफल

काठमाण्डु । नेपालका लागि इजरायलका राजदूत श्मुलिक आरि बासले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तसँग भेट गर्नुभएको छ । भेटमा इजरायलमा नेपाली कृषि विद्यार्थीको 'इन्टर्नसीप' कार्यक्रम पुनःसञ्चालन गर्ने विषयमा छलफल भएको जनाइएको छ ।

त्यस अवसरमा मन्त्री पन्तले इजरायलले विगतदेखि वर्तमानसम्म नेपालप्रति विभिन्न चरणमा गरेको सहयोगको प्रशंसा गर्नुभयो । राजदूत बासले सन् २००१ देखि सञ्चालनमा रहेको परियोजनाबारे जानकारी गराउनुभएको थियो ।

उक्त कार्यक्रममार्फत हालसम्म चार हजारभन्दाबढी नेपाली कृषि विद्यार्थी इजरायलमा गई कृषिसम्बन्धी अनुभव हासिल गर्न सफल छन् भने केहीले इजरायलबाट फर्केपछि नेपालको कृषि क्षेत्रमा उल्लेखनीय योगदानसमेत पुऱ्याएका छन् ।

सन् २०२३ अक्टोबर ७ मा भएको हमासको आक्रमणपछि नेपाली विद्यार्थीलाई इजरायल जान रोक लगाइएको छ । यदि यो प्रक्रियागत ढिलाइ यथावत् रह्यो भने नेपालको कृषिलाई अगाडि बढाउनसक्ने लगभग एक हजार कृषि इन्टर्नहरुले अवसर गुमाउने राजदूत बासको भनाइ थियो ।

उहाँले शिक्षा मन्त्रालयसँग विश्वविद्यालयमा विद्यार्थीलाई समयमै दर्ता गर्ने र इजरायल जान दिनका लागि निदेशन गरी सहयोग गरिदिन हुन आग्रह गर्नुभयो ।

यस सन्दर्भमा शिक्षा मन्त्रालयले इन्टर्नसीपमा जाने विद्यार्थीको इजरायल फिर्तीमा कुनै अवरोध नरहेको स्पष्ट गरेको छ । शिक्षा मन्त्रालयले अभाव पूर्ति गर्न आगामी वर्षमा कोटा बढाउने प्रस्ताव पनि गरेको छ । इजरायली परराष्ट्र मन्त्रालयबाट प्राप्त जवाफ र इजरायलका लागि नेपाली राजदूतबाट सुरक्षा अवस्थाका बारेमा दुई सकारात्मक प्रतिवेदनअनुसार परराष्ट्र मन्त्रालयले इजरायलको सुरक्षा अवस्था सामान्य भइसकेकाले इजरायल जाने प्रक्रिया पूर्ववत् प्रक्रियाअनुसार निरन्तरता दिन पनि एक सूचना जारी गरिसकेको छ ।

विद्यार्थी दर्ता प्रक्रिया द्रुत रूपमा अघि बढाउन, यसबारे विद्यार्थीलाई जानकारी दिन र विश्वविद्यालयसँग समन्वय गर्न सबै सम्बन्धित निकायलाई आग्रह पनि गरिएको छ । त्यसअवसरमा शिक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता शिवकुमार सापकोटा तथा परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरू पनि सहभागी हुनुहुन्थ्यो ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | व्यापार, नोकरी र सामाजिक क्षेत्रमा प्रगति हुनेछ। समय शुभ रहनेछ। |
| वृष : | खर्च बढ्ने सक्छ, नयाँ लगानी टार्नु उपयुक्त हुन्छ। समय औसत रहला। |
| मिथुन : | उत्साहमा कमी आउनेछ। अरुका लागि गरेको प्रयास निष्फल हुन सक्छ। |
| कर्कट : | समय लाभदायक रहनेछ । सानो प्रयासबाट पनि राम्रो उपलब्धि मिल्नेछ। |
| सिंह : | दीर्घकालीन योजना र लगानीमा ध्यान दिन उपयुक्त छ। |
| कन्या : | दाम्पत्यसुख मिल्नेछ, आम्दानी बढ्नेछ। |
| तुला : | धार्मिक कार्यमा संलग्न भइनेछ। |
| वृश्चिक : | आम्दानी बढ्नेछ, नयाँ कामको थालनीका लागि अनुकूल दिन हो। |
| धनु : | यात्राको सम्भावना रहन्छ, स्वास्थ्य संतोषजनक रहनेछ। |
| मकर : | पारिवारिक तनाव बढ्न सक्छ तर साथीभाईसंगको भेटघाट सुखद् रहनेछ। |
| कुम्भ: | नोकरी वा पेशमा अधिकारीहरुबाट सम्मान पाइएला। |
| मीन : | समय र स्वास्थ्य अनुकूल रहनेछ । अध्ययन र व्यवसायमा प्रगति हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्श लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-१ स्थित हटियामा दैनिक प्रयोगमा आउने घरेलु हातहतियार निर्माण तथा बिक्री गरिँदै । *तस्बिर : रासस*

# ‘नेपाल भित्रिने वस्तुमा ‘नेपाल गुणस्तर’ अनिवार्य बनाइनुपर्छ’

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपालमा आयात हुने सबै वस्तुमा ‘नेपाल गुणस्तर (एनएस)’को प्रमाणपत्र अनिवार्य बनाइनुपर्ने बताउनुभएको छ ।

शुक्रबार नेपाल गुणस्तर परिषद्को ११५औँ बैठकमा मन्त्री भण्डारीले नेपालबाहेक अन्य देशले आफ्नो मुलुकमा वस्तु आयात गर्दा आफ्नो देशको नियमअनुसार गुणस्तर अनिवार्य गरी बाह्य वस्तुको आयातमा कडाइ गर्ने गरेकाले नेपालमा आयात हुने सबै वस्तुमा ‘नेपाल गुणस्तर’को प्रमाणपत्र अनिवार्य गर्नुपर्ने उल्लेख गर्नुभयो ।

“नेपालले पनि उपभोक्ता हितलाई ध्यानमा राख्दै नेपाली बजारमा आउने वस्तुहरूमा ‘नेपाल गुणस्तर (एनएस)’ अनिवार्य लागू हुनेगरी अविलम्ब कार्यप्रारम्भ गर्नुपर्ने भएको छ”, उहाँले भन्नुभयो, “नेपालमा दैनिक उपभोग्यदेखि औद्योगिक प्रयोजनकासामानविदेशबाटआयात



भइरहेका छन् । तीमध्ये कतिपय वस्तु गुणस्तरहीन हुँदा त्यसको प्रत्यक्ष असर आमउपभोक्ताको स्वास्थ्यमा पर्नुका साथै सुरक्षा र आर्थिक हानि देखिएको छ । त्यसैले अब नेपाल आउने वस्तुमा अनिवार्य रूपमा नेपाल गुणस्तर लागू गरिनु अत्यावश्यक छ ।”

न्यून गुणस्तरका वस्तु नेपाल भित्रिनु उपभोक्तामाथि अन्याय हुने बताउँदै मन्त्री भण्डारीले यस्तो कार्यले दीर्घकालमा राष्ट्रिय अर्थतन्त्रमा समेत नकारात्मक असर पार्ने उल्लेख गर्नुभयो । नेपाल गुणस्तर परिषद्अन्तर्गत उपभोक्ताको हितका लागि प्रभावकारी नीति निर्माण तथा गुणस्तर अनुगमन प्रणाली बलियो बनाउने विषयमा मन्त्रालयले प्राथमिकता दिइरहेको उहाँले जानकार दिनुभयो ।

नेपालमा उत्पादन हुने वस्तुमा कसरी ‘नेपाल गुणस्तर चिह्न’ प्रदान गर्ने, गुणस्तर मापनका मापदण्ड सुधार गर्ने, बजार अनुगमनलाई प्रभावकारी बनाउने तथा गुणस्तरहीन वस्तुको आयातमा कसरी नियन्त्रण गर्ने भन्ने विषयमा आजको बैठकमा छलफल भएको थियो ।रासस

# लोकतन्त्रका लागि लडेर आएकाले यसको रक्षार्थ कटिबद्ध छौँ : प्रधानमन्त्री ओली



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले लोकत्रन्त्र, मानवअधिकार, शान्ति र सामाजिक न्यायका पक्षमा आफूहरू लडेर आएकाले यसप्रति सरकारको स्पष्ट प्रतिबद्धता रहेको बताउनुभएको छ ।

प्रगतिशील कानुन व्यवसायीहरूको अन्तरराष्ट्रिय सम्मेलनलाई शुक्रबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले आफूहरू लोकतन्त्रको स्थापनाका लागि लडेर आएको र अहिले सरकारको नेतृत्वमा रहेकाले कहिल्यै लोकतन्त्र र मानवअधिकारका मूल्य, मान्यता आयामलाई उल्लङ्घन नगर्ने र यसको उचित संरक्षण गर्ने स्पष्ट गर्नुभयो ।

“हामी संयुक्त राष्ट्रसङ्घको वडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अन्तरराष्ट्रिय सम्बन्धका आयामका साथै नेपालको सन्तुलित परराष्ट्र नीतिमा आधारमा अघि बढिरहेका छौँ । हाम्रा कोही शत्रु छैनन्, हामी सबैसँग मित्रता राख्छौँ । हामी यो वा त्यो पक्षमा हुँदैनौँ तर हामी शान्ति र लोकतन्त्रका पक्षमा स्पष्ट छौँ ।”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “हामी जनताले दैनिक जीवनमा भोग्दै आएका समस्याहरूको समाधानार्थ लाग्नेछौँ ।

गरिबीको अन्त्यविना मानवअधिकार स्थापना हुन सक्दैन । त्यसका लागि सीमान्तकृत समुदायको सामाजिक न्याय र समता अभिवृद्धिका लागि हामी कटिबद्ध रहनेछौँ ।’’उहाँले सम्मेलनबाट प्राप्त हुने उचित निष्कर्षहरूलाई सरकारले ग्रहण गर्ने विश्वास दिलाउनुभयो ।रासस


# नेपाल पर्यटन बोर्डले ७० प्रतिशत बजेट अन्तरराष्ट्रिय प्रवर्द्धनमा खर्च गर्ने

काठमाण्डु । नेपाल पर्यटन बोर्डले आर्थिक वर्ष २०८२/८३ को बजेट स्वीकृत गरेको छ । बोर्डको कार्यकारी समितिको हालै बसेको बैठकले आगामी आवका लागि रु एक अर्ब ५९ करोड ९९ लाख ७० हजारको बजेट स्वीकृत गरेको बजेट तर्जुमा उपसमितिका संयोजक ऋषिराम भण्डारीले जानकारी दिनुभएको हो ।

बोर्डले सुरक्षित, भरपर्दो र आकर्षण पर्यटकीयस्थलको विकास गरी अन्तरराष्ट्रिय पर्यटन समुदायमा नेपालको छविलाई स्थापित गर्ने उद्देश्यसहित आफ्नो बजेट तथा कार्यक्रम ल्याएको उहाँले बताउनुभयो । बजेट उपसमिति संयोजक भण्डारीले भन्नुभयो, “चालु आर्थिक वर्षमा बोर्डले नेपालमा पर्यटक आगमन कम्तीमा १५ प्रतिशतले वृद्धि गर्दै समग्र पर्यटन क्षेत्रलाई चलायमान गराउने लक्ष्य लिएको छ ।”

बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिईओ) दीपकराज जोशीले बजेट समयमै पारित गर्दै पर्यटन प्रवर्द्धनमा उल्लेख्य टेवा पुग्ने क्षेत्र र कार्यक्रममा बजेट केन्द्रीत रहेको बताउनुभयो । उहाँले पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धनद्वारा राष्ट्रिय उत्पादन तथा विदेशी मुद्रा आर्जनमा अभिवृद्धि गरी रोजगारीका अवसर सिर्जना र पर्यटन क्षेत्रको दिगो विकासका लागि बजेट उपयोगी हुने बताउनुभयो ।

यसैगरी चालु आवमा नेपाल आसियन पर्यटन वर्ष २०२६ को प्रवर्द्धन गर्ने, गुणस्तरीय पर्यटक आगमनलाई प्राथमिकीकरण गरी पर्यटकबाट हुने समग्र आयमा कम्तीमा १५ प्रतिशतले वृद्धि गर्ने उल्लेख छ । बोर्डले चालु आवमा कम्तीमा ५० वटा स्रोत बजारमा प्रवर्द्धनात्मक कार्यक्रम, पर्यटन व्यवसायका लागि आवश्यक थप पाँच हजार जनशक्ति उत्पादन र पर्यटनको विस्तारीकरणका लागि कम्तीमा २५ वटा नयाँ पर्यटन पूर्वाधार संरक्षण गर्ने




जनाएको छ ।

बोर्डको सेवा विस्तारका लागि कूल बजेटको ७० प्रतिशत अन्तरराष्ट्रिय बजारीकरणमा खर्च गर्ने र भारतमा कार्यालय खोल्ने पनि जनाइएको छ । भारत नेपालको प्रमुख पर्यटक स्रोतबजार भएकाले जहाँबाट सन् २०२४ मा मात्र चार लाखभन्दा बढी पर्यटक नेपाल आएका थिए । भारतीय बजारलाई थप प्रभावकारी बनाउन, दिल्ली वा अन्य प्रमुख सहरमा स्थायी कार्यालय खोल्ने तयारी अन्तिम चरणमा पुगेको बोर्डले जनाएको छ ।

यसका साथै प्रादेशिक कार्यालय स्थापना गर्नेसमेत यस वर्षको बजेट तथा कार्यक्रममा उल्लेख छ । बोर्डले पर्यटन बजार व्यवस्थापन तथा प्रवर्द्धनका लागि रु ४३ करोड ६१ लाख विजियोजन गरेको छ । यसैगरी जनसम्पर्क तथा प्रचारप्रसारका लागि रु १२ करोड ९५ लाख, अनुसन्धान, योजना तथा अनुगमनका लागि रु दुई करोड ६७ लाख, पर्यटन सम्पदा तथा संसाधान विकासका लागि रु १८ करोड ६३ लाख ५० हजार विनियोजन गरेको छ ।

यसैगरी नयाँ प्रादेशिक कार्यालय स्थापना र सञ्चालनका लागि रु ११ करोड ६६ लाख, विशेष प्रबर्द्धनात्मक कार्यक्रम बुद्धिष्ट ट्राभल मार्ट, हिमालयन ट्राभल मार्ट, एड्भेन्चर ट्राभल मार्ट, सगरमाथा सम्मान कार्यक्रम र सफारी टुरिजम् मार्टका लागि रु चार करोड ६२ लाख विनियोजन गरिएको छ ।

बोर्डले अमेरिका, चीन, जापान, कोरिया, अष्ट्रेलिया, बङ्गलादेश, श्रीलङ्का, मलेशिया, थाइल्याण्ड, र युरोपका विभिन्न देशमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । ‘नेपालः लाइफ टाइम एक्सपिरियन्स’ भन्ने नारालाई आधार मानेर विश्वका प्रमुख पर्यटन मेलामा सहभागिता जनाउने, डिजिटल मार्केटिङ, अन्तरराष्ट्रिय सञ्चारमाध्यमसँग सहकार्य, ट्राभल ब्लगर र मिडिया फ्याम टुरजस्ता कार्यक्रम प्राथमिकतामा राखेको छ ।

अन्तरराष्ट्रिय बजारसँगै आन्तरिक पर्यटन प्रवर्द्धनका लागि पनि बजेट विनियोजन गरिएको छ । विशेषगरी प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा विभिन्न गन्तव्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख छ । जसका लागि सुदूरपश्चिम, कर्णाली, र पूर्वी नेपालका उदियमान गन्तव्यलाई लक्षित गरिएको छ ।

बोर्डको बजेटमा डिजिटल पूर्वाधार सुदृढीकरण, अनुसन्धान तथा तथ्याङ्क प्रणाली सशक्तीकरण, र पर्यटनसम्बन्धी जनशक्ति विकासका कार्यक्रमसमेत समावेश छन् । पर्यटनसम्बन्धी अध्ययन, तालिम, र विज्ञ कार्यक्रमका लागि छुट्टै रकम छुट्याइएको छ । अन्तरराष्ट्रिय मेलामहोत्सव, सेल्स मिसन, डिजिटल मिडिया अभियान, सिने टुरिज्जम, डायस्पोरा कनेक्ट, ब्रान्डिङ, र प्रभावशाली कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइने बजेटमा उल्लेख छ ।

भौतिक पूर्वाधार निर्माण, पदमार्गको सुधार, नमस्ते सेन्टर स्थापना, बौद्ध गन्तव्य प्रवर्द्धन, पर्वतीय क्षेत्रका लागि तालिम, ग्रीन हस्पिटलिटी प्रमाणीकरण, घरेलु पर्यटन प्रवर्द्धन, पर्यटन टुर अपरेटर तालिम, भाषा र डिजिटल सीपसम्बन्धी तालिमलगायत कार्यक्रममार्फत गन्तव्य विकास र स्थानीय सशक्तिकरणलाई बलियो बनाउने उद्देश्य यस वर्षको बजेटले लिइएको छ । मिथिला कला, प्याराग्लाइडिङ प्रतियोगिता, हात्ती महोत्सव, पर्वतीय र जङ्गल सफारी जस्ता सांस्कृतिक तथा साहसिक गन्तव्यलाई पनि बजेटमार्फत प्रवर्द्धन बोर्डका सिइओ जोशीले बताउनुभयो ।

पोखरा कार्यालयमार्फत पोखरा ट्राभल मार्ट, सडक महोत्सव, अन्नपूर्ण तथा मानस्लु पदमार्ग प्रवर्द्धन, पर्यटक प्रहरी तालिम, बेसिक तथा एड्भान्स क्यानियोनिङ तालिम र पर्वतीय सङ्ग्रहालय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख छ । भारत, चीन र दक्षिण एसियाली मुलुकमा पनि प्रचार कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । बजेटमार्फत् दीगो पर्यटमा लागि पर्यटन सूचना व्यवस्थापन प्रणाली (टिम्स) को प्रभावकारी कार्यान्वयन, विपद् व्यवस्थापन कोष, जलवायु परिवर्तनमा संवेदनशीलता अभिवृद्धि, अनुसन्धान, अन्तरराष्ट्रिय सहकार्य विस्तार जस्ता दीगो पर्यटनका पक्षलाई ध्यानमा राखेर आगामी दशकलाई दीगो पर्यटन विकासको आधारशिला निर्माण गर्ने रणनीतिमा बजेट केन्द्रित गरेको स्पष्ट पारेको छ । सिईओ जोशीले भन्नुभयो, “यो बजेट केवल रकमको हिसाब मात्र होइन, यो नेपालको पर्यटन पुनर्जागरणको रोडम्याप हो । हामीले बजारअनुसारको रणनीति बनाएका छौँ, स्थानीय तथा अन्तरराष्ट्रिय साझेदारसँग सहकार्य गरेर नेपालको पर्यटन क्षेत्रलाई दिगो रुपमा विस्तार गर्नेछौँ ।”

बोर्डका अध्यक्ष तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवले पनि आगामी दिनमा निजी क्षेत्रको सहभागिता, स्थानीय तहको समन्वय, र अन्तरराष्ट्रिय साझेदारीको माध्यमबाट ‘स्मार्ट टुरिज्जम नेपाल’ को अवधारणा कार्यान्वयन गरिने बताउनुभएको छ ।रासस

# ‘धरानको खानेपानी समस्या समाधानका लागि सहकार्य जरुरी छ’

धरान । खानेपानीमन्त्री प्रदीप यादवले धरानको खानेपानीसम्बन्धी समस्या दीर्घकालीन रूपमा समाधान गर्न सबै सरोकार भएका निकाय तथा स्थानीयबीच समन्वय र सहकार्य अपरिहार्य रहेको बताउनुभएको छ ।

शुक्रबार धरानमा सुनसरी उद्योग वाणिज्य सङ्घले यहाँ आयोजना गरेको भेटघाट कार्यक्रममा उहाँले धरानको खानेपानीसम्बन्धी समस्याको दीर्घकालीन समाधानका लागि सबै तहका सरकार, सरोकार भएका निकाय तथा स्थानीय बासिन्दाबीच हातेमालो आवश्यक रहेकामा जोड दिनुभयो ।

मन्त्री यादवले आफू राजनीति गर्न मात्र नभई विद्यमान समस्याको समाधान खोज्न आएकाले सहकार्यमार्फत विकल्प खोजिने स्पष्ट पार्नुभयो । खानेपानीसम्बन्धी समस्या समाधानका लागि तत्काल छलफल गरी विकल्पसहित सहकार्य अपरिहार्य रहेको उहाँले खाँचो औँल्याउनुभयो ।

“प्रधानमन्त्री स्वयंले धरानको समस्या




समाधान गर्न मलाई पटकपटक निर्देशन दिनुभएको छ । तर यहाँ छलफल गर्न आएको बेलामा धरान नगरप्रमुखले समय दिनुभएन, यो दुःखद् हो”, उहाँले भन्नुभयो ।

मन्त्री यादवका अनुसार सङ्घीय सरकारले धरानको खानेपानी समस्या समाधानका लागि चालु आर्थिक वर्षमा रु चार करोड बजेट विनियोजन गरिसकेको छ । “धरान नगरपालिकाले उक्त बजेट लिन मानेको छैन, यसले समाधान प्रक्रिया ढिलो बनाइरहेको छ”, उहाँले भन्नुभयो, “समस्या समाधानका लागि विनियोजित बजेट स्वीकार गरी सहकार्यमार्फत दीर्घकालीन उपाय अवलम्बन गरौँ ।”

सङ्घ, प्रदेश र स्थानीय सरकारबीच समन्वय भएमात्र देशभरका खानेपानी समस्या समाधान सम्भव हुने मन्त्री यादवले विश्वास व्यक्त गर्नुभयो । “खानेपानी मन्त्रालयको नेतृत्व सम्हालेसँगै जनतालाई समस्याबाट मुक्त गराउनु मेरो पहिलो प्राथमिकता र दायित्व हो”, उहाँले भन्नुभयो ।

मन्त्री यादवले खानेपानीजस्तो आधारभूत विषयमा राजनीतिक पूर्वाग्रह नराख्न सबैलाई आग्रह गर्दै सबै पक्षले गम्भीरताका साथ हातेमालो गर्नुपर्नेमा जोड दिनुभयो । “छलफल गरेरमात्र समाधानको बाटो खुल्छ । सस्तो लोकप्रियताका लागि होइन, जनताको हितका लागि सबै मिलेर अघि बढ्न जरुरी छ”, उहाँले भन्नुभयो ।रासस

# आठ लाख ३९ हजारले लिए श्रम स्वीकृति

काठमाण्डु । गएको एक वर्षमा आठ लाख ३९ हजार २६६ जनाले श्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगार विभागका अनुसार श्रम स्वीकृति लिनेमा सात लाख ४४ हजार ८११ पुरुष छन् भने ९४ हजार ४५५ महिला रहेका छन् ।

विभागले शुक्रबार यहाँ पत्रकार सम्मेलन गरी उक्त विवरण सार्वजनिक गरेको हो । अघिल्लो आर्थिक वर्ष भन्दा यसपटक एक लाख बढीले श्रम स्वीकृति लिएका विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

उहाँले श्रम स्वीकृतिको भार ६० दशमलव २८ प्रतिशत नयाँ र ३९ दशमलव ७२ प्रतिशत पुनः श्रम स्वीकृतिका रहेका छन् । उहाँका अनुसार वैदेशिक रोजगारीका लागि गत आवमा श्रम स्वीकृति लिने प्रमुख १० गन्तव्य मुलुकमा युएई, साउदी अरेबिया, कतार, कुवेत, मलेसिया, रोमानिया, जापान, दक्षिण कोरिया र बहराइन रहेका छन् ।

व्यक्तिगत श्रम स्वीकृति लिने प्रमुख गन्तव्य मुलुकमा युएई, रोमानिया, जापान, कतार, क्रोएसिया, माल्दिभ्स, कुवेत, मौरिसस, सर्बिया र माल्टा रहेका पनि उहाँले जानकारी दिनुभयो । विगत पाँच वर्षमा कुल ३५ लाख बढीले श्रम स्वीकृति लिएका र त्यसमा ३१ लाख ८१ हजार पुरुष रहेका पनि पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो ।

वैदेशिक रोजगारीका लागि विदेशमा श्रमिक पठाउने संस्थाहरू कुल एक हजार ६८७ रहेकामा हाल सक्रिय इजाजत प्राप्त संस्थाको सङ्ख्या जम्मा ७२४ रहेको विभागले जनाएको छ । विसं २०८२ असारसम्ममा भने २१२ संस्थाले नवीकरण गरेका छन् ।

वैदेशिक रोजगारीमा अहिलेसम्म सात करोड २० लाख बढी क्षतिपूर्ति भराइएको पनि विभागले जनाएको छ । विभागका महानिर्देशक भट्टराईले श्रम स्वीकृति जारी गर्ने कार्यलाई डिजिटलाइज गरी आवेदन दिएकै दिनमा जारी गर्ने प्रतिबद्धता पूरा गरेको बताउँदै आगामी दिनमा अन्य सुधारका प्रयास जारी राख्ने बताउनुभयो ।

उहाँले विगत डेढ महिनादेखि भने आवेदन दिएको दुई मिनेटमा श्रमस्वीकृति प्रदान गरिएको पनि जानकारी दिनुभयो । अनुसन्धान तथा मुद्दा शाखामा रहेका करिब ३६ हजार फाइलको व्यवस्थापन गरी सेवाग्राहीमैत्री बनाउने लक्ष्यअनुसार दुईतिहाइ काम सम्पन्न भएको उहाँले बताउनुभयो ।

सुधारका लागि पहिचान गरिएका विषयको सन्दर्भमा विद्यमान कानुनी व्यवस्था संसोधन गरी अघि बढ्नुपर्ने आवश्यकता देखिएको पनि उहाँले बताउनुभयो । उहाँले वैदेशिक रोजगारीको सूचना व्यवस्थापन प्रणालीको स्तरोन्नतिका लागि प्राविधिक अध्ययन भइरहेको पनि जानकारी दिनुभयो ।

यस्तै वैदेशिक रोजगारीमा जानुअघि गरिने स्वास्थ्य परीक्षणलाई थप प्रभावकारी गराउन अनुगमन प्रणालीमा सुधार गरिएको र त्यसको विवरण वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गर्न डिजिटल प्रणालीको निर्माण सम्पन्न भएको जनाइएको छ । यस्तै विभागले सेवा प्रवाहको गुणात्मक र रचनात्मक सुधार गर्न प्रयत्नशील रहेको पनि जानकारी गराएको छ ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। माई ।।

माई कत गेलही ,हमरा सबके छोड़के
सबस मोहमाया और मनके नाता तोड़के ।
तोरा जेका मोह माया कोइनै देलकै ,ने केलकै प्रेम
तु त हमरेला भखले आ पुछले हरदम कुशलसेम ।
सुन न माइ हमरा तोहर बहुत याद अबै हउ
तोरा विना सबकुछ बिखइर गेल तेना लगै हउ ।
आजोन हमरा लगिन फेरसे एकबेर तु गे माइ
हमरा तोहर जरुरत हउ केना जिवौ सेनै जाइन ।
तोरा अचरामे नुकाके सुतके हरदम मन करैय हउ
तोरा हाते एक कोर खाइके अभीतो मन रहै हउ ।
तु केनाके सहल्ही उ ताउ ? उइरके परल आगीके लुती
तु केनाके सहल्ही उ मनके घाउ ? ओइढ़के सारी सुती ।
तु केनाके मिलगेल्ही इ धर्तीके माइटमे ,से ने कनि कहिदे,
तु केनाके उड़र गेल्ही ,बिना समाध ,से न हमरा केनाहुके ददे ।
माई नइ बिसरन हमरा, हरदम तोहर बहुत याद अबै हउ
आजोन ,तोरा कोरामे सुइतके एकबेर कानके मन करै हउ ।



नाम :- शुशिला कुमारी महतो
ठेगना :- धनुषाधाम नगरपालिका हरिपुर

## ।। मुक्तक ।।

कोइ नादान बने चाहैय
कोइ विद्वान बने चाहैय
सब मिथ्या जाइन के भी
कोइ अन्जान बने चाहैय ।
कोइ हार जीत सँ दुखी छै
कोइ शत्रु मीत सँ दुखी छै
परम सत्य बिना जीवन मे
कोइ द्वेष प्रीत सँ दुखी छै ।
स्वार्थ निमित्त कुकर्म करे
पुरुषार्थ निमित्त सुकर्म करे
पहिले स्वयं के पहिचान नै
यथार्थ निमित्त मर्म करे ।
विष समान त अहंकार छै
मृत्यु समान त व्यवहार छै
जिवन कोना सुन्दर बनत
मिथ्या समान त संसार छै ।
नादान बन के कोशिश नै कर
विद्वान बन के कोशिश नै कर
तोहर कोनो औकात नै रे ! 'मानव'
भगवान बन के कोशिश नै कर ।



लेखक :- लक्ष्मण 'मानव'
ठेगना :- लक्ष्मीनियाँ गा. पा.- १ . सिनुरजोडा
धनुषा ( नेपाल )

## ।। देशको गर्मी ।।

देशको गर्मी, आहा! कति भयो भारी,
घामको रापले पोल्दछ, बिहानैदेखि निहारी।
नदी सुक्दै गएको छ, खोला भइसके सुनसान,
हरिया वनहरू झर्न थाले, सुक्दै गयो मैदान।
बच्चा स्कुल जान हिँड्छन्, टोपीले घाम छेक्दै,
बृद्धाहरू आँगनमा बस्छन्, पंखा झल्काउँदै।
कृषकका खेत सुक्खा, हिउँ छैन डाँडामा,
फूलहरू ओइलिए, रूख रित्तिए छायाँमा।
चरा कराउँछन् प्यासले, खोलामा छैन धार,
गोठालो पसिना भिज्छ, गोरु पनि लाचार।
इनार र धारा सुक्खा, बग्दैन पानी धारिलो,
घरको आँगनमा राप मात्रै, नछुटेको एकपल ताजगी लो।
सहरमा धूलो उड्छ, गाउँमा खेत चिरा पर्छ,
खानेपानी ट्यांकरबाट, गाउँघरसम्मै धर्छ।
छायाँ खोज्छ मान्छे अब, दौडिन्छ रुख हेरी,
तर रुख पनि बोल्छ - "अब त म पनि तातो छुँ, टेरी!"
हावा थाप्ने मन लाग्छ, तर हावा पनि निस्सासिएको,
पखेटा फिजाउने सपना, पसिनाले भिजेको।
मेघ पनि टाढा गयो, बादलले माया मानेन,
बर्खाले सन्देश ल्याइदेऊ, सुक्खाले बाँच्नै जानेन।
हे ईश्वर! पानी झर, मेघ जुर, देश बचाउ,
हरियो बनाउ धर्तीलाई, आशाले फेरि सजाउ।
देश हाँस्नु परो अब, वर्षाले खेल्नु परो,
प्यासी माटो बोल्दै छ – "जीवन फर्काइदेऊ हजुर!"



कविता लेखक:- नबिन श्रेष्ठ
हाल अध्ययन शिक्षण:- बि.एड स्नातक चौथो बर्ष
ठेगाना:- सीतापुर खोरिया, भुचकरपुर - बटेश्वर-१
अध्यनरत हाल कलेज:- बर्दिबास जनता बहुमुखी क्याम्पस बर्दिबास १. महोत्तरी

## THE ETHICS

सिखबैछी हम पढबैछी हम भलमनतिके पाठ
मर्यादाके मान मनोनित ईमानक दैछी साथ।
साच बातके अचिया चढाक पजारी पथ प्रकाश
चसकल बगुला नजर गरौने पोठाके केने आस।।१।।
पारदर्शीके पर्दा पाछु छै मिलो मतो खेल
चोर चोर मसयौते भाई एक आपसमे मेल।
शासन प्रसासन पैसा पावर चापलुसीके बल
नै किछ जानी नै किछ बुझी हमहिटाछी भल।।२।।
आभूषण बेचक ईमानके लाजनिति नाच नचनेछी
भ्रष्टे भ्रष्टके बस्तिमे नैतिकताके ज्ञान रच्नेछी।
जानलो बुझल बाते सभटा खा पी पचौनेछी
नैतिक ईमान ज्ञान नै कनिको ethics आहा सिखौनेछी।।३।।



आभाष कर्ण
जनकपुरधाम:-१४ ( बसहिया)

## ।। कविता ।।

अहाँक प्रेमक स्वर कतेक मधुर छल,
अहाँक वियोगक गूँज मोर नस-नस फार्दा दैत अछि।
अहाँक स्नेहक ताप में कतेक शीतलता छल, कतेक सांति,
अहाँक विरहक ज्वाला हमर भीतर-भीतर जरबैत रहैत अछि।
ई निरीह मन, जे जीएबाक इच्छा अहाँ में पाओने छल,
अब ओकर अंत भ' गेल अछि।
अहाँक एक झलक… फेर ओ इच्छा कें जगा दैत अछि।
कतेक प्रेम अछि अहाँ प्रती, कहब अब असान नै रहि गेल।
तैयो, ई हृदय अहाँक बनायल नियम कें, अहाँ बिना सेहो मानि रहल अछि।
हमरा कखनो शब्द नै छल – आ हैं, संभवतः होएतो नै,
ई कहबाक लेल जे अहाँक नेहक डोर केना मोके बाँधि लैत अछि।
अहाँक वियोग में सेहो ई हृदय मोके लाचार नै होए देत।
कखनो-कखनो कोनो बहाना सँ,
ई खत्म होइत प्रेम कें फेर थामि लैत अछि।



सत्यम

## ।। सपूत बनब ।।

हम देशके सपूत बनब
ओकरा जका नै डरपोक बनब
सिना ताईनक आगु बढब
केकरो आगा पिछा नै रहबा।१।।
सिर्फ अपन कलम के बल रहत
सभक आशिर्वाद साथ मे रहत
एमहर ओमहर के बात नै रहत
अपराधी सिधा निसाना मे रहत ।।२।।
शेर नै हम सबा शेर बनब
आईख मे आईख मिलाक चलब
हमर नाम सुईनते थरथर कापत
ओहने हम सब काज करब ।।३।।
किछ दिन परदेशी रहब
ओकर बाद देशके देखब
केकरो नै बस मे रहब
सच्चाई के जिवित राखबा।४।।



लेखक: निकेत झा (उज्ज्वल_
lzlffM :gfts rf}+yf] jif{ hf/L
xfnM UAE

## ।। गजल ।।

दोसर कें महल मकान की देखू
भेष-भाषा आ पहिचान की देखू
जिनगी बित गेल इ अरब देशमे
कोशी, कमला, बलान की देखू
मेघक पानि जेहन टघरै पसेना
देहक रंग ठोरक मुस्कान की देखू
लिखल अछि कपार में जँ दुख्ख
त' सुखक दुनिया जहान की देखू
शोणित'स महग अछि रियाल
तें घर,परिवार खन्दान की देखू
अही'स कहै माँ हमर पैढले बौआ
आँखिक नीरमे सुरुज चान्न की देखू



उद्गार यादव
मिथिला विहारी नगरपालिका
सिरसिया-६

## ।। माया भित्रको मौनता ।।

शब्द नबोली बोल्छ माया,
नयनले लेख्छ कथा सारा।
धडकन भित्र गुञ्जिन्छ उसको नाम,
साँझ-साँझमा आउँछ उसैको काम।
उ उसको थिएँ, ऊ मेरो थिएन,
तर माया त साँचो, झुटो के नै हुन थाल्यो र?
मुस्कान भित्र लुकेको पीडा,
अधुरा सपना र भिजेको चिठ्ठीको रीता।
भेट त थोरै भयो जीवनमा,
तर सम्झनाले साथ दियो प्रत्येक पलमा।
मायाको कुनै सीमा हुन्न,
दूरीले होइन, आत्माले नाता छुट्दैन।
आज पनि त्यो बाटो चुपचाप बोल्छ,
जहाँ हामी एउटै छायाँजस्तै हिँड्थ्यौं।
माया अझै बाँकी छ हृदयको कुनामा,
मौन भएर, गहिरिएर… उसैको नाममा।



लेखक मो. आमिर हुसैन
ठेगाना जनकपुर १७ लोहना
हाल काठमाडौं जोरपाटी

## ।। धरतीको पुकार ।।

र मानव! नदे यति शोक सन्ताप ।
युगयुग अपराध बिन अभिशाप ।।
न उजाड आँचल नगर महापाप ।
नगर मेरो सौन्दर्य श्रृङ्गार सखाप ।।
गर्मी शरद हुरी बर्षा बिजुली ताप ।
मिल्छ नित्य कृत्रिम प्रकोप चाप ।।
नगर निर्दयी! दूष्य क्रियाकलाप ।
न लगा ममतामा कलङ्क छाप ।।
सुन देख बुझ मेरो हृदय विलाप ।
सहन्छु तिम्रो पापफल चुपचाप ।।
छोड धूर्त स्वार्थ अभिमान स्वाप ।
निजी विपत पर्दा नगर्नु पश्चाताप ।।
सुन्दैनन् तिम्रो पनि अन्तरउल्लाप ।
गरेपनि जति अन्ध जग तप जाप ।।
बच्दैनौ कोही रङ्क राजा-प्रताप ।
बिधाता गर्छन् सारा कर्मको माप ।।



लेखक: राम मण्डल
ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१.सिनुरजोडा
धनुषा, नेपाल ।

## जनताको पीडा कस्ले बुझ्ने?

जनता रोएर के पो हुन्छ, सुन्ने कान छैन सत्ता सँग,
बाचा गर्नेहरू कुर्सीमा, झूटको पर्दा ओढेर सँग।
पसल बन्द, रोजगारी छैन, पेट पोल्छ हरेक दिन,
अधिकार लेखिन्छ पोस्टरमा, तर व्यवहारमा कहिल्यै नकिन।
विद्यालय टाढा, बाटो छैन, बिरामी हुँदा डर लाग्छ,
पैसा बिना उपचार छैन, मुटु दुखेर पनि भाग्छ।
हिजो जसले भोट माग्यो, आज तिनकै गेट छ बन्द,
न त फोन उठ्छ, न त खबर, जनताको शिरमा छ घाम जन्द।
सडकमा धुलो उड्छ अझै, विकास त फोटो खिच्न मात्रै,
न्याय भनेको शब्द भयो, न्यायाधीश पो बोल्छ कागज भित्रै।
जनताको पीडा ठूलो छ तर, त्यसको तौल कसले तोल्ने?
यो आँसु सरकार देख्दैन, अनि प्रश्न उब्जन्छ –
जनताको पीडा साँच्चै… कस्ले बुझ्ने?



लेखक : नवल प्रसाद यादव
ठेगाना : सखुवा प्रसौनी गा.पा पर्सा

## 'मेरो मायाकाकुरा

तिमि खुशि हुदा खुशि हुने पात्र हु म !
तिमि दुःखी हुदा दुःखी हुने पात्र हु म !!

सुख दुःख जे मिल्छ स्विकार गरौंला !
तिम्रो सफलतामा खुशि हुने पात्र हुँ म !!

खुशी हुन ठुलो कुरा केहि चाहिन्न यहाँ !
तिम्रो उपस्थितिमा खुशि हुने पात्र हुँ म !!



सुनिल कुमार मंडल
श्री उ.मा.बि प्रितपुर पर्वता ९ धनुषा
हाल :- धनुषाधाम न.पा वडा ५ पर्वता धनुषा

## ।।आमाप्रति छोराको माया।।

आस तिमी विश्वास तिमी ।
मेरो सपनाको आभाष तिमी ।।
आमा म तपाईंको प्यारो छोरा।
कहिले नहुनु निराश तिमी ।।
गन्तव्यमा पुनु अहिले बाकी छ।
तिम्रो हरेक सपना सकार्नु अहिले बाकी छ।
सपनाको महल बनाइ तिमिलाइ देखाउनु अहिले बाकी छ
तिम्रो बाटो सरल बनाइ तिमिलाइ हिडाउनु अहिले बाकी छ।
आमा तिमी निराश नहुनु छोरा सफल हुनु अहिले बाकी छ।
तपाईंको आशीर्वादले म उज्ज्वल हुन्छु।
तपाईंको आशिर्वादले नै म सफल हुन्छु।
आमा तपाईंको सपनाहरू मलाई सापटी दिनु म लिन्छु।
म सकेसम्म तपाईंको त्यो हरेक सपना पूरा गर्छु।
आश तिमी बिश्वास तिमि ।
मेरो सपनाको आभाष तिमि।
आमा म तपाईंको प्यारो छोरा ।
नहुनु निराश तिमी ।।



लेखक- पारस सदा
ठेगाना- धनुषाधाम -०७ भगवानपुर

## नेता र जनता

चुनाव आउँछ, बज्छ माइक,
नेता आउँछ, बोकेर लाइक।
भन्छ - "तपाईंहरू नै राजा"
भोट पाएपछि, बनाउँछ खाजा।

स्कुलमा पंखा छैन, तर भाषणमा चन्द्रयान,
गाउँमा पानी छैन, तर योजना अमेरिका जान।
जनता भन्छ - "अब त बुझ्यौं",
चुनाव आयो भने फेरि भुल्यौं!

स्कुलका बच्चा भन्छन् - "देशलाई बचाउँछु",
घरमा बाबा भन्छन् - "पहिले त विदेश जाउँछु"
गाउँका किसान, मल नपाएर रीसाउँछन्,
अनि मन्त्रीज्यू, दुबईमा भात खान पाउँछन्!

चुनाव आउँछ, आशा पलाउँछ,
भोट दिएपछि, नेता बिलाउँछ।
राँगा खोजेझैं जनता घुम्छन्,
"हाम्रो नेता त फेसबुकमै सुत्छ!"



नाम : अभिजित झा
ठेगाना: जनकपुरधाम -१३

## ।। झोले युवा ।।

कतै युवालाई नै झोले देखेछु
कतै युवालाई नै बोले देखेछु
फटफटी अवाज चप्पलको
कतै युवालाई नै डोले देखेछु
युवाले नै सल्काएको आगोबाट
कतै युवालाई नै पोले देखेछु
गोप्य राखेका हरेक योजनालाई
कतै युवालाई नै खोले देखेछु
फटफटी अवाज चप्पलको
कतै युवालाई नै डोले देखेछु
बाँधिएका हात टाँसिएको ओठ
कतै युवालाई नै छोले देखेछु
साथमा दायाँ बायाँ हात हिँडेको
कतै युवालाई नै सोले देखेछु
फटफटी अवाज चप्पलको
कतै युवालाई नै डोले देखेछु



रचना-रमेश मंडल धानुक
भुतही पटेर्वा, धनुषा, नेपाल, मधेश प्रदेश

## ।।लाउन पाएन नया जामा ।।

हाम्रो कर्म यसतै भो आमा
जति कमाएनि लाएन नया जामा
पढेर पनि जागिर पाएन
खाडी तिरकै आश भयो
बिहान देखि बेल्का सम्म
खाडी मा बेल्चा चलाउदै छु
पुरै जिउ पसीना ले भिजछ
टाउको बाट पसीना पैतलामा झरछ
हाम्रो कर्म यसतै हो आमा
साहुको ऋण कसरी तिर्ने
घर परिवा कसरी चलाउने
जति गर्दानी कमाउन सकिन धन
कति रुन्छ कति हाम्रो मान
यो जिवन यसतै बितने भो आमा
अलि कति हेल्प गर्छ कि मामा
हाम्रो कर्म यसतै छ आमा
लगाउन पाएन नया जामा



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर, हाल सात समुद्र पार दोहा कतार

## भौतिक पूर्वाधारमन्त्रीको एक वर्षः

# पुँजीगत खर्च छ वर्षयताकै बढी

काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले आफूले कार्यभार सम्हालेको एक वर्षको अवधिमा भएका कार्यसम्पादन एवं उपलब्धिबारे जानकारी दिनुभएको छ । मन्त्रालयको विगत छ वर्षको पुँजीगत खर्च तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा सबैभन्दा बढी ७६ दशमलव ४१ प्रतिशत प्रगति भएको मन्त्रालयले जनाएको छ । यो औसत राष्ट्रिय पुँजीगत खर्चभन्दा करिब १३ प्रतिशत बढी हो ।

सोही अवधिमा राष्ट्रिय सडक सञ्जाल र यातायातको पहुँच पुग्न बाँकी हुम्ला सदरमुकाम सिमकोटसमेत राष्ट्रिय राजमार्गको सञ्जालमा जोडिएर सबै जिल्लामा यातायातको पहुँच स्थापित भएको मन्त्री दाहालले जानकारी दिनभुयो ।

"यो एक वर्षमा ९३० किमी कालोपत्र गर्ने लक्ष्य रहेकामा ९३२ किमी कालोपत्र सम्पन्न, १५० पुल निर्माण गर्ने लक्ष्य रहेकामा १०५ वटा सम्पन्न भएका र १० वटा बेलिब्रिज जडान भएका छन्", उहाँले भन्नुभयो, "यस अवधिमा रुग्ण आयोजनाको पहिचान र व्यवस्थापनलाई प्रमुख प्राथमिकता दिएर काम गरेका छौं ।"

मन्त्री दाहालका अनुसार आयोजना सुरु भई काम सम्पन्न नहुँदै अलपत्र हुने परिपाटीको अन्त्यका लागि समिति गठन गरिएको र सो समितिको अध्ययन प्रतिवेदनको सुझाव कार्यान्वयन गरी रुग्ण ठेक्काको सङ्ख्या उल्लेख्य मात्रामा घटाइएको छ ।

निर्माण व्यवसायीलाई सहज रूपमा काम गर्ने वातावरण सृजना गरिएको, सवारीचालक अनुमतिपत्र छपाइ प्रदेशस्तरबाट सुरुआत गर्ने तयारी तथा छपाइ गरी वितरण गर्न बाँकी सवारीचालक अनुमतिपत्र छपाइका लागि सुरक्षण मुद्रण केन्द्रसँग समझदारी भइसकेको उहाँले जानकारी दिनुभयो ।

मन्त्री दाहालले सवारीचालक अनुमतिपत्रलाई नागरिक एपमा देखिने तथा विद्युतीय माध्यमबाट जाँच गर्न सक्ने, जरिवाना असुल तथा भुक्तानी गर्न सक्ने व्यवस्था गरिएको बताउनुभयो । पूर्वपश्चिम रेलमार्ग निर्माणका लागि जग्गा अधिग्रहणका क्रममा रोक्का गरिएको सर्वसाधारणको जग्गा फुकुवा हुने, रेलमार्ग विस्तारका लागि बर्दिबास क्षेत्रमा देखिएको मुआब्जा तथा क्षतिपूर्तिको समस्या समाधानको काम अघि बढाइएको मन्त्रायले जनाएको छ ।

"पानीजहाज विधेयक राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा पेस भएको, नेपालभित्रै कोशी, नारायणी तथा कर्णाली नदीका थप स्थान र रुटमा जलयान सञ्चालनका लागि अध्ययन अघि बढेको, नयाँ राष्ट्रिय यातायात नीति, सवारी तथा यातायात व्यवस्था ऐनलगायत कानुनी आधार तयार गर्ने काम अघि बढाइएको छ", मन्त्री दाहालले भन्नुभयो ।

### मन्त्रालयका नीतिगत प्रगति

मन्त्रालयका अनुसार प्रदेशस्तरबाट 'इलेक्ट्रोनिक चिप्स' वा 'क्युआरकोड'सहित सवारीचालक अनुमतिपत्र छपाइ गर्न




सहजीकरण हुनेगरी सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को संशोधन सङ्घीय सरकार तथा मन्त्रिपरिषद् बाट स्वीकृत भई कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ ।

राष्ट्रिय यातायात नीति मन्त्रिपरिषद्मा पेस भई निर्णयको क्रममा रहेको, सडक सुरक्षा नीतिको मस्यौदा तयार भई सरोकार भएकासँग छलफल भइरहेको, सवारी तथा यातायात व्यवस्था विधेयक तयार गरी मन्त्रिपरिषद्मा पेस गरिएकामा विधेयकमाथि समितिमा छलफल भइरहेको, सडक सुरक्षा ऐन र निर्माण व्यवसाय ऐन नयाँ बनाउन मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणको नियमावली-२०८१ को मस्यौदा तयार भई मन्त्रिपरिषद्मा पेस गर्ने क्रममा रहेको, सडक दस्तुर उठाउने (कार्यविधि) नियमावली-२०८१ तयार भएको, नागढुङ्गा सुरुङमार्गमा प्रवेश गर्ने सवार ीसाधनको दस्तुर निर्धारण भएको छ ।

### सडकतर्फको प्रगति

मन्त्री दाहालले गत असोज १०-१२ को अविरल वर्षाले क्षतिग्रस्त बिपी, अरनिको, मेची, कान्ति, त्रिभुवन, पृथ्वी राजमार्गलगायत देशका विभिन्न राष्ट्रिय राजमार्गहरूको शीघ्र मर्मत तथा पुनःस्थापना गरी तत्काल सवारीसाधन सञ्चालनको व्यवस्था मिलाइ सवारी आवागमनलाई सहज बनाइएको जानकारी दिनुभयो ।

"आव २०८०/८१ मा विकास निर्माणका आयोजनामा दायित्व सृजना भई सोही आवमा भुक्तानी दिन बाँकी कुल दायित्व रु आठ अर्ब ६६ करोड दोस्रो त्रैमासिक अवधिभित्रै भुक्तानी दिइएको, गत आवको भुक्तानी दायित्व अत्यन्त न्यूनमात्र बाँकी रहेको छ", उहाँले भन्नुभयो, "भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको विगत छ वर्षको कुल प्रगतिको तुलना गर्दा गत आवमा सबैभन्दा बढी ७६ दशमलव ४१ प्रतिशत खर्च भएको छ । मन्त्रालयको कुल ६७ वटा बजेट उपशीर्षकमध्ये २५ उपशीर्षकमा ९० प्रतिशतभन्दा बढी प्रगति हासिल भएको छ ।" ललितपुरको ग्वार्कोमा फ्लाइओभर निर्माण सम्पन्न भई यातायात सञ्चालनमा आएका, सिद्धबाबा सुरुङमार्गको एक हजार १२६ मिटरको मुख्य सुरुङ खन्ने कार्य सम्पन्न भएको, मध्यपहाडी राजमार्गको विभिन्न खण्डमा ७५ किमी सडक कालोपत्र गर्ने लक्ष्य रहेकामा ५८ दशमलव पाँच किमी कालोपत्र सम्पन्न भएको, हुलाकी राजमार्गको विभिन्न खण्डमा कुल ७५ किमी सडक कालोपत्र गर्ने लक्ष्य रहेकामा ९२ दशमलव पाँच किमी सम्पन्न भएको मन्त्रालयले जनाएको छ ।

हुम्लाको खार्पुनाथ गाउँपालिका-५ चुवाखोलास्थित कर्णाली नदीमा बेलिब्रिज निर्माण सम्पन्न भई बाह्रै महिना सञ्चालन हुनेगरी हुम्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ ।

बिपी, अरनिको, मेची, कान्ति राजपथलगायत विभिन्न क्षतिग्रस्त राजमार्गको पुनःस्थापनाका लागि ठेक्का व्यवस्थापन भएको, नेपाली सेना र सडक विभागको सहकार्यमा महाकाली नदी कटान रोक्ने आकस्मिक कार्य भएको, नागढुङ्गा सुरुङमार्गअन्तर्गत टनेल संरचना सम्पन्न भई लाइटिङ, भेन्टिलेसन, आगलागी नियन्त्रण, पावर सप्लाई तथा आन्तरिक सूचना प्रणालीसँग सम्बन्धित यन्त्रउपकरण जडान सम्पन्न भएको, टनेल प्रवेशबिन्दु बलम्बुमा निर्माणाधीन फ्लाइओभरको निर्माण सम्पन्न भएको मन्त्रालयले जनाएको छ ।

यस अवधिमा तमोर करीडोरमा ४२ किमीसडक कालोपत्र सम्पन्न भएको, कालीगण्डकी करिडोरको ५० किमी कालोपत्र गर्ने लक्ष्य रहेकामा ७१ किमी सम्पन्न भएको, कर्णाली करिडोरअन्तर्गत हिल्सा-सिमिकोट सडकखण्डमा २० किमी ग्राभेल सडक निर्माण गर्ने लक्ष्य रहेकामा २० किमी सम्पन्न भएको मन्त्रालयले जानकारी दिएको छ ।

"पूर्वपश्चिम राजमार्गको नारायणघाट-बुटवल सडकको ११३ किमी कालोपत्र सम्पन्न गर्ने लक्ष्य रहेकामा हालसम्म ६० किमी चार लेन र थप ३३ दशमलव पाँच किमी दुई लेन कालोपत्र सम्पन्न भएको छ", मन्त्री दाहालले भन्नुभयो, "गत आवमा ३० किमी चार लेन र १७ दशमलव पाँच किमी दुई लेन कालोपत्र भएको थियो । हाल दाउन्नेबाहेक अधिकांश स्थानमा यातायात आवागमन सहज छ ।"

उहाँका अनुसार पूर्वपश्चिम राजमार्गअन्तर्गत कमला-कञ्चनपुर सडकमा कूल ६३ किमी कालोपत्र गर्ने लक्ष्य लिइएकामा आव २०८१/८२ मा २२ किमी सम्पन्न गरी कूल ५० किमी चार लेनको कालोपत्र सम्पन्न भएको छ ।

"पूर्वपश्चिम राजमार्गअन्तर्गत काँकरभिट्टा-लौकही सडकमा ११८ वटा 'बक्सकल्भर्ट' (जनावर पास), २६ दशमलव ९५ किमी समावेश र दुई दशमलव पाँच् किमी कालोपत्र भएको छ । मदन भण्डारी राजमार्गअन्तर्गत ३० किमी सडक कालोपत्र गर्ने लक्ष्य रहेकामा ५० दशमलव पाँच किमी सम्पन्न भएको छ", मन्त्री दाहालले भन्नुभयो, "पृथ्वी राजमार्गको मुग्लिङ-पोखरा पूर्वी खण्डमा आँबुखैरेनीबाट जामुनेसम्मको ४१ किमी सडक कालोपत्रसहित निर्माण सम्पन्न भएको छ ।

पश्चिमखण्डको जामुनेबाट पोखरासम्म ३८ किमीमध्ये १० किमी एकतर्फी (दुई लेन) सडक कालोपत्र भएको र २६ किमी चार लेन सडक निर्माण सम्पन्न भएको छ । आव २०८१/८२ मा २३ किमी चार लेन कालोपत्रे सडक र ११ वटा पुल निर्माण सम्पन्न भएका छन् ।"

> मन्त्री दाहालले सवारीचालक अनुमतिपत्रलाई नागरिक एपमा देखिने तथा विद्युतीय माध्यमबाट जाँच गर्न सक्ने, जरिवाना असुल तथा भुक्तानी गर्न सक्ने व्यवस्था गरिएको बताउनुभयो ।

रुग्ण ठेक्काहरूको अध्ययनबाट कूल ५८६ ठेक्का पहिचान गरिएकामा यस वर्षभित्र एक सय २० वटाको सम्झौता तोडिएको, एक सय ५१ रुग्ण ठेक्काको समस्याको प्रकृतिअनुसार समाधान प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले जनाएको छ । यस वर्षमा ९० प्रतिशतभन्दा बढी सडकमा पटके मर्मत गरी खाल्डाखुल्डीरहित बनाइएको तथा देशभरिका राष्ट्रिय राजमार्गमा ३१४ किमी आवधिक मर्मत सम्पन्न भएको मन्त्रालयले जनाएको छ ।

### मन्त्रालयका अन्य प्रगति

मन्त्रालयका अनुसार पूर्वपश्चिम रेलमार्गको महोत्तरी-बर्दिवास-चोचा खण्डमा यस वर्ष तीन दशमलव ६१ किमी ट्र्याक बेड निर्माण सम्पन्न भएको छ । बर्दिवास-चोचा रेलमार्ग खण्डमा तीनवटा रेलपुल निर्माण सम्पन्न भइसकेका छन् ।

मन्त्रालयका अनुसार वैदेशिक रोजगार, वैदेशिक अध्ययन अन्तरराष्ट्रिय शान्ति मिसन र कूटनीतिक नियोगममा खटिने पदाधिकारी/नागरिकलाई आवश्यक सवारी चालक अनुमतिपत्र छपाइलाई व्यवस्थित तुल्याउन अत्यावश्यक चालक अनुमतिपत्र छपाइसम्बन्धी निर्देशिका, २०८१ कार्यान्वयनमा ल्याइएको छ ।

'इम्बोस्ड नम्बर प्लेट' जडान प्रक्रियालाई सरल, व्यवस्थित र प्रभावकारी बनाउने सम्बन्धमा इम्बोस्ड सवारी नम्बर प्लेट जडानसम्बन्धी निर्देशिका, २०८१ स्वीकृत गरी कार्यान्वयन गरिएको, नागढुङ्गा (काठमाडौँ)-सिस्नेखोला (धादिङ) सुरुङमार्गमा यातायात सञ्चालनसम्बन्धी निर्देशिका २०८१ स्वीकृत भएको छ ।

यातायात व्यवस्थापन एवं सेवा प्रवाहमा सहजीकरण तथा भावी योजना सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबीचको विषयगत समितिको बैठक गत साउन र गत फागुनमा सम्पन्न भई यातायात सेवा व्यवस्थापन सम्बन्धमा सरलीकरण गरिएको मन्त्रालयले जनाएको छ ।

"आव २०८१/८२ को साउनदेखि असारमसान्तसम्म तीन लाख ७९ हजार ५२६ थान स्मार्ट कार्ड प्रिन्ट गरी वितरण गरिएको र हालसम्म ४० लाख ७१ हजार १८१ थान प्रिन्ट गरिएको छ", मन्त्रालयका सचिव केशवकुमार शर्माले भन्नुभयो, "आव २०८१/८२ को साउनदेखि असार मसान्तसम्म इम्बोस्ड नम्बर प्लेट एक लाख ६१ हजार ८२६ थान उत्पादन र १५ लाख ११ हजार ५८६ थान जडानका लागि वितरण गरिएको छ । हालसम्म सात लाख ४४ हजार ४५ थान उत्पादन र ८५ हजार ६२४ थान जडान गरिएको छ ।"

उहाँका अनुसार गत असोजको बाढीले कोशी नदीको जलमार्ग क्षतिग्रस्त बनाएका सन्दर्भमा पुनः अवरोध हटाई चतराबाट कोप्चेसम्म जेटबोट सञ्चालन गरिएको छ । नारायणघाटबाट देवघाटसम्म जलमार्ग सञ्चालन हुँदा स्थानीयवासी र धार्मिक पर्यटक लाभान्वित हुने भएकाले सो कार्य सुरु गरिएकामा आगामी आवमा सम्पन्न गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो ।रासस

## श्रम मन्त्रालयको एक वर्ष :

# सुधारका प्रयास सकारात्मक

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ भित्र उल्लेखनीय नीतिगत तथा संरचनात्मक सुधार र वैदेशिक रोजगार व्यवस्थापनमा केही प्रगति हासिल गरेको दाबी गरेको छ ।

यद्यपी रोजगार सृजना, सामाजिक सुरक्षा पहुँच विस्तार र वैदेशिक रोजगारमा ठगी नियन्त्रण जस्ता क्षेत्रमा अझै सुधार आवश्यक देखिन्छ । मन्त्री शरतसिंह भण्डारीको नेतृत्वमा मन्त्रालयले वैदेशिक रोजगारसम्बन्धी नीति तर्जुमा गरी मन्त्रिपरिषद्बाट स्वीकृत गराउनुका साथै श्रम ऐनका केही प्रावधान संशोधनमार्फत सुधारको प्रयास गरेको छ । उहाँको नेतृत्वमा मन्त्रालयले प्रविधिमा आधारित श्रम तथा रोजगार सेवा प्रवाहमा जोड दिएको छ ।

आन्तरिक रोजगारीको व्यवस्थापनका लागि नयाँ महाशाखा स्थापना, डिजिटाइजेसन, श्रम संसार, राष्ट्रिय श्रम बजार सूचना प्रणाली, स्वास्थ्य परीक्षण र नागरिक एपमा आबद्धता गरिएको छ । डिजिटल प्रविधिको प्रयोगसँगै श्रम सम्झौता नवीकरणका पहल, सामाजिक सुरक्षा कोषमा श्रमिकको सहभागिता विस्तार जस्ता कदम चालिएको छ ।

वैदेशिक रोजगारीमा एक सयभन्दा न्यून श्रमिक पठाउनेको इजाजतपत्र नवीकरण नहुने वैदेशिक रोजगार ऐन, २०६४ को प्रावधानलाई केही नेपाल ऐन संशोधनमार्फत इजाजतपत्र नवीकरण हुने प्रावधान गरिएको छ । वैधानिकीकरण श्रम स्वीकृतिका लागि वैदेशिक रोजगार सेवाप्रवाह कार्यविधि (दोसो संशोधन) स्वीकृत भएको छ । सेप्टेम्बर २०२४ लाई 'कटअफ पोइन्ट' मानी कानुनी आधारमा वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई वैधानिकता दिने प्रक्रिया अघि बढेको छ ।

वैदेशिक रोजगारका क्रममा मृत्यु भएका व्यक्तिलाई क्षतिपूर्तिवापत रु १० लाख उपलब्ध गराउने निर्णय गरेको छ । वैदेशिक रोजगारीका लागि कूल आठ लाख ३९ हजार २७० ले श्रम स्वीकृति लिएका छन । नयाँ श्रम स्वीकृतिको भार ६०.२८ प्रतिशत र पुनश्रम स्वीकृति ३९.७२ प्रतिशत रहेको छ ।

सुरक्षित आप्रवासनबाट सञ्चालन हुने स्रोत केन्द्रलाई ७७ जिल्ला विस्तार गरिएको छ । मन्त्रालयअर्न्तगतको वैदेशिक रोजगार विभागले व्यक्तिगत र संस्थागत विवाद समाधान गरी रु सात अर्ब २० करोड आठ हजार ३५० क्षतिपूर्ति उपलब्ध गराएको छ । मुद्दा तथा अनुसन्धानका लागि चार हजार ९७५ उजुरी प्राप्त भएकामा ५२८ मिलापत्र गराइएको छ । विस्तृत अनुसन्धान पश्चात २१५ वटा अदालतमा मुद्दा दायर गरिएको र मुद्दा तथा अनुसन्धानबाट रु ३२ करोड ८७ लाख ३७ हजार ४६५ क्षतिपूर्ति दिलाइएको छ ।

अधिकांश व्यक्तिगत उजुरीहरूको कारबाही जारी रहेको विभागले जनाएको छ । वैदेशिक रोजगार बोर्डका अनुसार यस आवमा एक हजार १६० शव व्यवस्थापन गरिएको छ । त्यसैगरी ७० अलपत्र शव नेपाल ल्याइएको छ । यसबीच विदेशमा अलपत्र एक जनाको मात्र उद्धार गरिएको छ । आर्थिक सहायता लिने दुई हजार ४८५ जना छन् । कल सेन्टर सेवाबाट ३३ र ९८२ वटा समस्या समाधान गरिएको छ । टेलिमेडिसिन सेवा लिने चार हजार ६११ जना छन् ।

युरोपका अल्बानिया, अस्ट्रिया, टर्की, माल्टा, माल्दिभ्स, सर्बिया, लक्जमवर्ग, ब्रुनाइ, पोल्याण्ड, बोस्निया र हर्जगोभिना, क्रोएसिया र बेल्जियम मन्त्रालयले निर्माण गरेको नयाँ समझदारीपत्रको ढाँचाअनुसार श्रम सम्झौताका लागि प्रस्ताव गरेको छ । कुबेत, मौरिसियस, मलेसिया, गणतन्त्र कोरिया, कतारसँग श्रम सम्झौता नवीकरणको चरणमा छलफल र पत्राचार गरिएको मन्त्रालयले जनाएको छ । युएईमा काम गर्न जाने श्रमिकको न्यूनतम वेतन बढाइएको छ ।

श्रम मन्त्रालय तथा परराष्ट्र मन्त्रालयको संयुक्त पहलको रूपमा वैदेशिक रोजगारमा रहेका नेपालीको उद्धार गर्न सहज हुने गरी श्रम संसारको विस्तार गरिएको छ । सामाजिक सुरक्षा कोष विस्तार, एक हजार ७६६ नयाँ रोजगारदाता र आठ लाख ८८ हजार ६४० नयाँ श्रमिक दर्ता भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयअर्न्तगत तीन हजार ३२४ प्रतिष्ठान निरीक्षण गरिएको छ ।




मन्त्रालयअर्न्तगतको श्रम तथा व्यवसायजन्य सुरक्षा विभागलाई तीन हजार ७८० श्रम अडिट प्रतिवेदन मात्र प्राप्त भएको छ । विभागले ७४ मुलुकका दुई हजार ५११ जना विदेशी नागरिकलाई श्रम इजाजत प्रदान गरेको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रममा ५२ हजार जनालाई रोजगारीको लक्ष्य भए पनि गत आवमा ४८ हजार ६४७ जनालाई रोजगारी उपलब्ध गराइएको छ ।रासस

# भ्रष्टाचार अन्त्यका लागि निर्वाचन प्रणाली बदल्नैपर्छ : अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भ्रष्टाचार अन्त्यका लागि विद्यमान निर्वाचन प्रणाली नै परिवर्तन गर्नुपर्नेमा जोड दिनुभएको छ । नेपाल मतदाता अधिकार मञ्चले शुक्रबार बुझाएको ज्ञापनपत्र ग्रहण गर्दै उहाँले आफ्नो पार्टीले खर्चिलो निर्वाचन प्रणाली परिवर्तन गर्न निरन्तर आवाज उठाउँदै आएको बताउनुभयो ।

"वर्तमान निर्वाचन प्रणाली र संविधान संशोधनबारे माओवादी केन्द्रको स्पष्ट धारणा छ, खर्चिलो निर्वाचन प्रणाली र सांसद भएपछि मात्रै मन्त्री वा प्रधानमन्त्री बन्नुपर्ने व्यवस्थाका कारण भ्रष्टाचार बढेको हो", उहाँले भन्नुभयो, "पूर्णसमानुपातिक संसद् र प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली आवश्यक छ ।" उहाँले जनसङ्ख्याका आधारमा पूर्ण समावेशी र समानुपातिक प्रतिनिधित्व गरिनुपर्नेमा जोड दिनुभयो ।



मञ्चले उठाएका मुद्दामा आफू सकारात्मक रहेको उल्लेख गर्दै अध्यक्ष दाहालले शासकीय प्रणाली परिवर्तनका लागि आन्दोलन आवश्यक पर्न सक्ने भएकाले तयार रहन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "मञ्चको यो पहल सकारात्मक छ । यी माग र सुझाव नेतालाई बुझाएरमात्र परिवर्तन सम्भव हुँदैन । जनताका माग र मुद्दा स्थापित गर्न आवश्यक परे सडक सङ्घर्षमा जान पनि तयार छौँ, तपाईँहरू पनि त्यसका लागि तयारी अवस्थामा रहनुहोला ।"

मञ्चका अध्यक्ष भक्त विश्वकर्मा नेतृत्वको प्रतिनिधिमण्डलले बुझाएको ज्ञापनपत्रमा निर्वाचन प्रणालीमा सुधार, प्रतिनिधित्वको समावेशीकरण र मतदाताको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा २१ बुँदे ध्यानाकर्षण अध्यक्ष दाहालसमक्ष पेस गरेको हो ।

मञ्चले प्रतिनिधिसभा तथा प्रदेशसभाको प्रत्यक्ष निर्वाचन प्रणालीमा महिलाको जनसङ्ख्याको आधारमा कम्तीमा ५० प्रतिशत उम्मेदवारको व्यवस्था गर्न, दलित महिलाका लागि आरक्षित सिटमा उम्मेदवारी नपरे अन्य समुदायको महिला हुने व्यवस्था हटाउन, ३३ प्रतिशत महिला र १३ प्रतिशत दलितका लागि निर्वाचन क्षेत्र तोक्न, निर्वाचनमा प्रतिनिधित्व नभएको समुदायबाट समानुपातिक निर्वाचन प्रणालीमार्फत न्यूनतम प्रतिनिधित्व सुनिश्चित गर्न सुझाव दिएको छ ।

विदेशमा बस्ने नेपाली नागरिकले निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था गर्न, तीनै तहमा युवाको समानुपातिक समावेशी प्रतिनिधित्व, स्थानीय तहका पदाधिकारीलाई समावेशी बनाउने तथा लैङ्गिक तथा अपाङ्गतामैत्री निर्वाचन केन्द्र निर्माण गर्ने कानुनी व्यवस्थाका लागि पहल गर्न मञ्चको आग्रह छ । ध्यानाकर्षण पत्रमा मतदाताका क्षेत्रमा क्रियाशील विभिन्न २१ वटा सङ्घसंस्थाले सहमति जनाएका छन् ।रासस

## एमाले पोलिटव्यूरो बैठक :

# प्रतिवेदनमाथि छलफल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)को पोलिटव्यूरो बैठकमा विधान संशोधन प्रस्तावमा छलफल भएको छ । ललितपुरको च्यासलस्थित एमाले मुख्यालयमा सम्पन्न भएको बैठकमा उपाध्यक्ष विष्णुप्रसाद पौडेलले प्रस्तुत गर्नुभएको विधान संशोधन प्रस्तावमाथि सात जनाले आ-आफ्नो धारणा राख्नुभएको छ ।

विधान संशोधन प्रस्तावमाथि लालबाबु पण्डित, डा राजन भट्टराई, काशीनाथ अधिकारी, किरण गुरुङ, शेरधन राई, खगराज अधिकारी र कर्णबहादुर थापाले बोल्नुभएको थियो ।

बैठकमा प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीले अहिलेको विकसित राजनीतिक घटनाक्रम, सरकार र विधानका बारेमा बोल्नुभएको थियो । उहाँले अहिले पार्टीको मुख्य काम विधान महाधिवेशन र विधि निर्माणको काम रहेको बताउनुभएको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो ।

प्रधानमन्त्री ओलीले विधान निर्माण गर्ने काममा पार्टीका नेतालाई रचनात्मक र सकारात्मक भूमिका खेल्न निर्देशन दिन आग्रह गर्नुभयो । विधान संशोधन प्रस्तावमा पार्टीको विधान (२०७८ संशोधन)को धारा ६४ मा रहेको ७० वर्ष उमेरहद र दुई कार्यकाल व्यवस्था हटाउने राखिएको छ ।

त्यसैगरी, विधान संशोधन प्रस्तावमा




पदाधिकारी सङ्ख्या १५ जनासहित केन्द्रीय कमिटीको सङ्ख्या दुई सय ५१ रहने राखिएको छ । यस्तै विधान संशोधन प्रस्तावमा स्थायी कमिटी, पोलिटव्यूरो कमिटी र केन्द्रीय कमिटी गरी तीन तह रहने व्यवस्था गरिएको छ ।

यस्तै, विधान संशोधन प्रस्तावमा पार्टीको पदाधिकारी सङ्ख्यालाई स्थायी कमिटी मान्ने निर्णय गरिएको छ । यसअघि पदाधिकारीलाई सचिवालय सदस्यका रूपमा मानिएको थियो । बैठकले पार्टीमा सदस्य र सङ्गठित सदस्य गरी दुई खालका सदस्य हुने प्रस्ताव गरिएको उहाँले जानकारी दिनुभयो । जनसङ्गठनमा आबद्ध रहेका सदस्यलाई खारिँदै आएपछि पार्टीले प्रशिक्षित गरेपछि मात्र सङ्गठित सदस्य रहने छन् ।

यस्तै, पोलिटव्यूरो बैठकमा महासचिव शङ्कर पोखरेलको साङ्गठनिक प्रतिवेदन प्रस्तुत गर्दै पार्टीको सङ्गठनात्मक क्षेत्र बलियो बन्दै गइरहेको भन्दै १५ प्रतिशतले पार्टी सङ्गिठत सदस्य बढेको जानकारी गराउनुभएको प्रचार विभाग प्रमुख गौतमले बताउनुभयो । "अहिलेको पार्टी सदस्यता, नवीकरण हेर्दा खेरी झण्डै १५ प्रतिशत बढेको भन्ने जानकारी गराउनुभयो, तथ्याङ्क आउने क्रम जारी छ ।रासस

# ‘द वाल स्ट्रिट जर्नल’ र मालिक मर्डोकविरुद्ध मुद्दा चलाउने ट्रम्पको चेतावनी

एएफपी

वासिङ्टन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जेफरी एपस्टाइनलाई लेखेको पत्रका बिषयमा ‘द वाल स्ट्रिट जर्नल’ र यसका मालिक रुपर्ट मर्डोकविरुद्ध मुद्दा दायर गर्ने चेतावनी दिनुभएको छ।

सन् २००३ मा एपस्टिनको ५० औँ जन्मदिनको नोटसङ्ग्रहमा एक नग्न महिलाको स्केच र ट्रम्पको हस्ताक्षर सहितको पत्र समावेश गरिएको थियो ।उक्त पत्रिकाले पत्रको पुनरावलोकन गरेको तर फोटो नछापिएको जनाएको छ ।ट्रम्पले ट्रुथ सोसल नेटवर्कमा लेख्नुभएको छ, “मैले रुपर्ट मर्डोकलाई यो अफबाह हो भनेको र नक्कली सामग्री (फेक स्टोरी) नछाप्न भनेको थिएँ।



“तर उहाँले छाप्नुभयो, अब म उहाँको काम र उहाँको ‘न्यून दर्जा’को पत्रिकाविरूद्ध मुद्दा दायर गर्छु।” यसअघि वाल स्ट्रिट जर्नलकी प्रधान सम्पादक एम्मा टकरलाई ह्वाइट हाउसकी प्रेस सचिव कारोलिन लेभिट र राष्ट्रपति ट्रम्पले उक्त पत्र नक्कली भएको बताएका थिए ।रिपब्लिकन राष्ट्रपति ट्रम्पले उक्त समाचारलाई ‘गलत, दुर्भावनापूर्ण र अपमानजनक’ भन्नुभएको छ।

पोस्टमा भनिएको छ, “राष्ट्रपति ट्रम्पले द वाल स्ट्रिट जर्नल, न्यूजकर्प र रुपर्ट मर्डोकविरुद्ध चाँडै मुद्दा दायर गर्नुहुनेछ। प्रेसले सत्यवादी हुन सिक्नुपर्छ र सम्भवतः अस्तित्वमा पनि नभएका स्रोतहरूमा भरोसा गर्नु हुँदैन।” ट्रम्पले एपस्टीनसँगको आफ्नो विगतको सम्बन्धलाई लिएर पहिले नै कडा आलोचनाको सामना गर्नुभएको थियो । उहाँको प्रशासनले धनी र शक्तिशाली व्यक्तिहरूको रक्षा गर्न एपस्टिनको अपराधको गलत विवरणहरू ढाकछोप गरिरहेको दाबी गरेको छ।

संघीय यौन तस्करीको आरोप लगाइएपछि सन् २०१९ मा ट्रम्पको पहिलो कार्यकालमा न्यूयोर्कको जेलमा एपस्टाइनले आत्महत्या गर्नुभएको थियो। वेश्यावृत्तिसम्बन्धी दुई अभियोगमा दोषी स्वीकार गरेपछि उहाँ फ्लोरिडामा यौन अपराधीको रूपमा दर्ता हुनुपर्ने थियो ।बिहीबार ट्रम्पले महान्यायाधिवक्ता पाम बोन्डीलाई एपस्टाइन प्रकरणमा ‘ ग्रान्ड जुरी’को बयानको प्रतिलिपि जारी गर्न आग्रह गर्नुभएको थियो।

जर्नलले रिपोर्ट गरेको छ, “ट्रम्पले आफुले लेखेको अस्वीकार गरेको उक्त कथित पत्र सङ्ग्रहका अन्य पत्रहरू जस्तै डरलाग्दो छ। यसमा टाइप गरिएको पाठका थुप्रै पङ्क्तिहरू छन्, जसमा मार्करले कोरिएको नाङ्गो स्त्रीको रूपरेखा समावेश गरिएको छ।"“भावी राष्ट्रपतिको हस्ताक्षर कम्मरमुनि कोरिएको ‘डोनाल्ड’ हो, जसले यौनाङ्ग वरिपरीका केशको नक्कल गरेको छ,” जर्नलमा लेखिएको छ। “पत्रको अन्तमा भनिएको छ, “जन्मदिनको शुभकामना र हरेक दिन अर्को अद्भुत रहस्य हुन सकोस्।”

ट्रम्पले पत्र लेखेको वा आकृति कोरेको अस्वीकार गर्दै जर्नलसँग भन्नुभयो, “यो म होइन । यो नक्कली कुरा हो।”उहाँले भन्नुभयो, “म महिलाको चित्र कोर्दिनँ। यो मेरो भाषा र शब्द पनि होइन।”न्यूजकर्पको ग्लोबल मिडिया कम्पनीलाई नियन्त्रण गर्ने मर्डोक फिफा क्लब विश्वकप फाइनलका लागि आइतबार न्यूयोर्क शहरबाहिर मेटलाइफ स्टेडियममा ट्रम्पसँगै हुनुहुन्थ्यो।

मोर्डकको पत्रिकामा जनवरीमा ह्वाइट हाउसमा फर्केपछि ट्रम्पसँग पहिलो पटक टिभी अन्तर्वार्ता दिने कन्जरभेटिभ अमेरिकीहरूको लोकप्रिय टिभी न्युज च्यानल फक्स न्यूजको पनि स्वामित्व छ ।राष्ट्रपति ट्रम्पले वर्षौंदेखि फक्स र यसका प्रस्तोताहरूको नियमित प्रशंसा गर्दै आउनुभएको छ। केहीलाई आफ्नो प्रशासनमा नियुक्त पनि गर्नुभएको छ।

-एपस्टिन विवाद-

ट्रम्पसमर्थित अति दक्षिणपन्थी शुभेच्छुकले लामो समयदेखि एपस्टिन काण्डमा केन्द्रित भएको पाइन्छ। उहाँले ‘ गोप्य ग्राहक सूची’को अस्तित्व रहेको दाबी गर्दै आउनुभएको थियो तर उहाँको हत्या उहाँको जेलको एक कोठामा घटनालाई ढाकछोप गर्ने उद्देश्यले भएको दावी गरिएको छ।

ट्रम्पका समर्थकहरूले जनवरीमा ट्रम्पको राष्ट्रपति कार्यालय फर्किएपछि रिपब्लिकनले आफ्ना प्रश्नहरूको जवाफ दिने अपेक्षा गरेका थिए तर अहिले उनीहरूले नै षडयन्त्रका सिद्धान्तहरू झूटा भएको बताउन थालेका छन्।

न्याय विभाग र एफबीआईले यसै महिना सार्वजनिक गरेको मेमोमा एपस्टिनले ‘ग्राहक सूची’ राखेको वा शक्तिशाली व्यक्तिलाई ब्ल्याकमेल गरेको कुनै प्रमाण नभएको बताएको छ ।उनीहरूले एपस्टिनको जेलमा हत्या भएको भन्ने दाबीलाई पनि अस्वीकार गर्दै उनले आत्महत्या गरेको दावी गरेका छन् र उनीहरूले अनुसन्धानको बारेमा थप जानकारी जारी नगर्ने बताएका छन् । यदि ग्रान्ड जुरीको सुनुवाई वा प्रमाणहरू जारी गरियो भने यो परिवर्तन गरी सार्वजनिक हुनसक्ने आशङ्क ट्रम्पका आलोचकहरूले व्यक्त बताएका छन्।

ट्रम्पका एक प्रमुख आलोचककी छोरी एपस्टिनको मुद्दा हेर्ने संघीय अभियोजकलाई अचानक बर्खास्त गरिएको अमेरिकी सञ्चारमाध्यमले बिहीबार जनाएका छन् ।एफबीआईका पूर्व निर्देशक जेम्स कोमीका पिता माउरिन कोमीलाई म्यानहट्टनमा सहायक अमेरिकी अटर्नीको पदबाट बर्खास्त गरिएको छ ।कोमीले एपस्टिनका एक मात्र पूर्व सहयोगी गिस्लेन म्याक्सवेललाई पनि मुद्दा चलाएका थिए ।म्याक्सवेलले सन् २००३ मा एपस्टिनलाई लेखिएका पत्रको पुस्तक तयार पार्नुर्भको थियो।

उपराष्ट्रपति जेडी भान्सले एक्समा लेख्नुभएको छ, “डब्लूएसजेले यसलाई प्रकाशित गरेकोमा लज्जित हुनुपर्छ। यो पत्र कहाँ छ? के तपाईंले यो पुस्तक प्रकाशित गर्नुअघि हामीलाई कहिल्यै नदेखाइएको कुरा थाह पाउँदा छक्क पर्नुहुनेछ?

# नेपालले महिला कबड्डी विश्वकपमा सहभागिता जनाउँदै



काठमाण्डु। महिला कबड्डी विश्वकपमा सहभागी हुन १४ खेलाडीसहित १८ सदस्यीय नेपाली टोली भोलि भारतको हरियाणा जाने भएको छ । प्रतियोगिता आगामी अगस्ट ३ देखि १० सम्म भारतको हरियाणाको मोरमाजरामा हुनेछ।

सहभागी खेलाडीमा कप्तान मानमती विष्टसहित उपकप्तान जयन्ती बडु, मेनुकाकुमारी राजवंशी, रविना चौधरी, मीना नेपाली, गङ्गा घिमिरे, आशिका कुँवर, सृजनाकुमारी थारू, सृजना धानुक, मनीषा जोशी, उरुषा शाक्य, आस्मा यादव, विनिता पण्डित क्षेत्री र सञ्जु थामी रहेका छन्।

त्यस्तै, प्रशिक्षकमा विष्णुदत्त भट्ट, सहायक प्रशिक्षकमा हरिना थापा, व्यवस्थापकमा शरद् दर्शनधारी र निर्णायकमा रमेशचन्द्र ओझा हुनुहुन्छ । प्रतियोगिताअघि नेपाली टोलीले मोरमाजरामै १२ दिनको अवधिमा प्रशिक्षणका साथै स्थानीय पाँच क्लबसँग अभ्यास खेल पनि खेल्नेछ।

एसियाका ४७ राष्ट्र मध्येबाट विश्व वरियतामा तेस्रो स्थानमा रहेको नेपाल पनि छनोट हुँदै प्रतियोगितामा सहभागी हुन लागेको हो।

प्रतियोगितामा नेपालसहित भारत, युगान्डा, जर्मनी, चाइनिज ताइपेइ, होल्यान्ड, जन्जिबार, इरान, जापान, पोल्यान्ड, केन्या, अर्जेन्टिना र थाइल्यान्ड सहभागी हुनेछन्।

विश्वकपको दोस्रो संस्करण १३ वर्षपछि हुन लागेको हो । पहिलो संस्करण सन् २०१२ मा भारतको पटनामा भएको थियो । टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङ, अखिल नेपाल कबड्डी संघकी अध्यक्ष तुलसी थापा र राष्ट्रिय टिम तयारीका निर्देशक दीपक विष्टले आज यहाँ आयोजित कार्यक्रममा सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभयो।

सदस्यसचिव घिसिङले महिला खेलाडीको ग्राफ उकालो लाग्दै गएको उल्लेख गर्दै एसियाली प्रतियोगितामा पनि पदक जित्दै महिला कबड्डी टोली दक्षिण एसियामा मात्र सीमित छ भन्ने भ्रमलाई चिर्न सफल भएको बताउनुभयो।

राष्ट्रिय टिम तयारीका निर्देशक दीपक विष्टले देशका लागि केही गर्छु भन्ने भावनाका साथ प्रतिस्पर्धा गर्न आग्रह गर्दै पदक जितेर आउन शुभकामना दिनुभयो । त्यस्तै नेपाली टोलीका प्रशिक्षक विष्णुदत्त भट्टले नेपाली टोलीको तयारी राम्रो भएको बताउँदै पदक जित्नेमा आशावादी रहेको उल्लेख गर्नुभयो ।रासस

# रुसमाथि १८ औं चरणको प्रतिबन्ध लगाउने इयूको तयारी



एएफपी

ब्रसेल्स। युक्रेनमा जारी युद्धलाई लिएर युरोपेली सङ्घ (इयू) का सदस्य राष्ट्रहरूले शुक्रबार रुसमाथि नयाँ प्रतिबन्ध लगाउने सम्झौतामा हस्ताक्षर गरेका छन्।

सन् २०२२ मा रुसले गरेको आक्रमणपछि रुसविरुद्ध १८ औं चरणको आर्थिक सजायको प्रस्तावलाई स्लोभाकियाको ब्रसेल्ससँगको वार्तापछि हप्तौ लामो प्रतिबन्ध हटाएपछि अनुमोदन गरिएको थियो। इयूका विदेश नीति प्रमुख काजा कल्लासले भन्नुभयो, “इयूले रुसविरुद्ध अहिलेसम्मकै सबैभन्दा कडा प्रतिबन्ध प्याकेज स्वीकृत गरेको छ।”

“प्रत्येक प्रतिबन्धले रुसको युद्ध गर्ने क्षमतालाई कमजोर बनाउँछ । सन्देश स्पष्ट छः युरोप युक्रेनको समर्थनमा पछि हट्नेछैन। रुसले आफ्नो युद्ध अन्त्य नगरेसम्म इयूले दबाब बढाउँदै जानेछ ।स्लोभाकियाका रुसमैत्री नेता रोबर्ट फिकोले सन् २०२७ को अन्त्यसम्ममा रुसी आयात कटौती गर्ने प्रयास गरिरहँदा ब्रसेल्सबाट ग्यासको मूल्यको ‘सुनिश्चितता’ पाएपछि आफ्नो विरोध फिर्ता लिनुभएको छ।

कूटनीतिज्ञहरूका अनुसार रुसको युद्ध कमजोर पार्न तयारी गरिएको नयाँ प्रतिबन्धको एक भागको रूपमा इयूले विश्वका तेस्रो देशहरूमा निर्यात हुने रूसी तेलको मूल्य सीमा बजार मूल्यभन्दा १५ प्रतिशत कम गर्न सहमत भएको छाअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई यो योजनाअनुसार अघि बढ्न युरोपेली सङ्घका सहयोगीहरूले सहमत गराउन नसके पनि यो कदम चालिएको हो।

यो सीमा जी-७ को एक पहल हो र यसको उद्देश्य चीन र भारतजस्ता विश्वका देशहरूमा तेल निर्यात गरेर रूसले कमाएको रकमलाई सीमित गर्नु हो।

सन् २०२२ मा जी-७ ले ६० अमेरिकी डलर तोकेको तेलको मूल्य सीमा मस्कोले विश्वभरि तेल बेच्न सक्ने मूल्यलाई सीमित गर्न रूससँग काम गर्ने सिपिङ फर्म र बीमा कम्पनीहरूलाई उक्त रकमभन्दा बढी निर्यात गर्न प्रतिबन्ध लगाउने गरी बनाइएको हो।

बेलायत र क्यानडाजस्ता जी-७ का सहयोगी राष्ट्रको समर्थन प्राप्त गर्ने अपेक्षा गरिएको नयाँ इयू योजनाअन्तर्गत नयाँ स्तर ४७.६ अमेरिकी डलरबाट सुरु हुनेछ र भविष्यमा तेलको मूल्यमा परिवर्तन हुँदा यसलाई समायोजन गर्न सकिनेछ। अधिकारीहरूका अनुसार इयूले तेल निर्यातमा प्रतिबन्ध लगाउन रुसले प्रयोग गर्ने पुराना ट्याङ्करहरूको ’स्याडो फ्लीट’मा थप १०० भन्दा बढी जहाजहरूलाई कालोसूचीमा राख्न लागेको छ।

निष्क्रिय बाल्टिक सागर ग्याँस पाइपलाइन नोर्ड स्ट्रीम १ र २ लाई फिर्ता ल्याउनबाट रोक्नका लागि पनि नयाँ प्रतिबन्धका उपायहरू ल्याइएको छ।

इयूले अन्तर्राष्ट्रिय साझेदार हरूसँगको मस्कोको सम्बन्धलाई रोक्न चाहन्छ। त्यसैले भारतमा रूसी स्वामित्वको तेल प्रशोधन केन्द्र र दुई चिनियाँ बैंकहरूमा प्रतिबन्ध लगाइनेछ। त्यहाँ रूसी बैंकहरूसँग लेनदेनमा विस्तारित लेनदेन प्रतिबन्ध र युक्रेनमा युद्धभूमिमा प्रयोग गर्न सकिने ‘दोहोरो-प्रयोग’ का वस्तुहरूको निर्यातमा थप प्रतिबन्धहरू पनि छन्। नयाँ प्रतिबन्धलाई इयूका मन्त्रीहरूले शुक्रबार औपचारिक रूपमा अनुमोदन गर्नेछन्।

फ्रान्सले युक्रेनमा जारी युद्धलाई लिएर रुसमाथि इयूले शुक्रबार लगाएको नयाँ चरणको प्रतिबन्ध कुनै उदाहरण नभएको र यसले मस्कोलाई युद्धविराम गर्न बाध्य पार्ने बताएको छ ।रुसी विदेशमन्त्री ज्याँ नोएल बारोटले भन्नुभयो, “संयुक्त राज्य अमेरिकासँग मिलेर हामी रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई युद्धविरामका लागि बाध्य पार्नेछौं।” युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले नयाँ प्रतिबन्धलाई आवश्यक छ।

# जापानमा चामलको मूल्य दोब्बर, प्रधानमन्त्रीमाथि दबाब

एएफपी

टोकियो । जापानमा चामलको मूल्य जुनमा गत वर्षको तुलनामा ९९ दशमलव दुई प्रतिशतले बढेको सरकारी तथ्याङ्कले शुक्रबार देखाएको छ । यसले यो सप्ताहन्त हुने निर्वाचनअघि प्रधानमन्त्री शिगेरु इशिबामाथि थप दबाब सिर्जना गरेको छ।

इशिबाको प्रशासनको सार्वजनिक समर्थन गत वर्ष पदभार सम्हालेदेखि सबैभन्दा तल्लो स्तरमा खसेको छ। यसको आंशिक कारण जीवनयापनको लागतलाई लिएर भएको निराशा हो ।निराशाको एउटा मुख्य स्रोत मुद्रास्फीति र विशेष गरी चामलको बढ्दो मूल्यका साथै सत्ताधारी दलभित्रका घोटालाहरू रहेका छन्। चामलको मूल्य पहिले नै मे महिनामा एक सय एक प्रतिशतले बढेको थियो । यो अप्रिलमा ९८ दशमलव चार प्रतिशत र मार्चमा ९२ दशमलव पाँच प्रतिशतभन्दा बढी बढेको थियो।

समग्रमा जापानको मूल मुद्रास्फीति दर गत महिना मेको तीन दशमलव सात प्रतिशतबाट घटेर तीन दशमलव तीन प्रतिशत भएको गृह मन्त्रालयलको तथ्याङ्कले देखाएको छ। अस्थिर ताजा खाद्यान्न मूल्यहरूलाई नहेर्ने यो अध्ययन बजारको तीन दशमलव चार प्रतिशतको अपेक्षाभन्दा थोरै कम थियो ।ऊर्जा र ताजा खाना बाहेक उपभोक्ता मूल्य तीन दशमलव चार प्रतिशतले बढेको छ । यो मे महिनामा तीन दशमलव तीन प्रतिशत थियो।



आइतबारको निर्वाचनअघि गरिएको जनमत सर्वेक्षणले माथिल्लो सदनमा सत्तारूढ गठबन्धनले आफ्नो बहुमत गुमाउन सक्ने सङ्केत गरेको छ ।यसले इशिबालाई एक वर्षभन्दा कम समयमा राजीनामा दिन बाध्य पार्न सक्छ ।अक्टोबरमा उहाँको गठबन्धनले शक्तिशाली तल्लो सदनमा बहुमत गुमाएको थियो ।यो सन् १९५५ देखि लगभग निरन्तर जापानमा शासन गर्दै आएको लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) का लागि १५ वर्षयताकै सबैभन्दा खराब निर्वाचन परिणाम थियो।

**शुल्क दबाब**

इशिबा अगस्ट १ मा २५ प्रतिशतको नयाँ भन्सार शुल्क लागू हुनुअघि संयुक्त राज्य अमेरिकासँग व्यापारिक सम्झौता गर्न थप दबाबमा हुनुहुन्छ। विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रमा जापानको महत्त्वपूर्ण अटो आयात पहिले नै स्टिल र एल्युमिनियम जस्तै पीडादायी भन्सार शुल्कको अधीनमा छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प एसियाली पावरहाउससँग ७० अर्ब डलरको व्यापार घाटा कम गर्न जापानी कम्पनीहरूले संयुक्त राज्य अमेरिकामा धेरै उत्पादन गरुन् र टोकियोले ग्यास, तेल, कार र चामलजस्ता धेरै सामान अमेरिकाबाट खरिद गरोस् भन्ने चाहनुहुन्छ।

इशिबाले आफ्ना व्यापारिक दूत रियोसेई अकाजावालाई सात पटक वासिङ्टनमा सम्झौताको मध्यस्थता गर्न पठाउनुभएको छ र शुक्रबार अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टको स्वागत गर्ने कार्यक्रममा हुनुहुन्थ्यो।

अकाजावा पनि वार्तामा सामेल हुने र बेसेन्टसँग शनिबार ओसाकामा विश्व एक्सपो हेर्न जाने निर्धारण गरिएको जापानी सरकारले बताएको छ ।मुद्रास्फीति बढेका कारण गत वर्षदेखि बैंक अफ जापानले मौद्रिक नीति कडा बनाउँदै आएको छ तर विश्वको चौथो नम्बरको अर्थतन्त्रमा अमेरिकी करको प्रभावको चिन्ताले यसलाई सुस्त दृष्टिकोण अपनाउन बाध्य पारेको छ।

चामलको बढ्दो मूल्यका कारकहरूमा दुई वर्षअघि अत्यधिक तातो र सुक्खा गर्मीले राष्ट्रव्यापी फसल नोक्सान गरेको कारण हुने अभावहरू समावेश छन्।

त य स ब े ल ा द े ि ख केही व्यापारीहरूले आफ्नो नाफा बढाउनका लागि चामल भण्डारण गरिरहेको विज्ञहरू बताउँछन् ।यो समस्या गत वर्ष सम्भावित ‘मेगाक्वेक’ का बारेमा सरकारी चेतावनीले प्रेरित आतङ्कित खरिदारीले अझ खराब बनाएको थियो । यद्यपि महाभूकम्प आएन। सरकारले फेब्रुअरीदेखि आफ्नो आपत्कालीन भण्डार जारी गर्ने दुर्लभ कदम चालेको छ । सरकारले यस्तो कदम सामान्यतया प्रकोपको समयमा मात्र चाल्ने गरेको थियो।

“नीतिगत उलट-पुलट, उत्पादकबाट उपभोक्ता मूल्यहरूमा ढिलो पास-थ्रु, र येनको अवमूल्यनले निकट अवधिमा मूल्य दबाब उच्च राख्नेछ”, मुडिज एनालिटिक्सका स्टेफान एङ्ग्रिकले भन्नुभयो, “नाममात्रको तलब वृद्धि अड्किएसँगै, वास्तविक तलबले चाँडै आवश्यक वृद्धि पाउनेछैन । र अमेरिकी भन्सार शुल्क र भन्सार शुल्क धम्कीहरूले उत्पादन र रोजगारको अवस्थालाई प्रभावित गर्दा तलब वृद्धि सम्भवतः अझ सुस्त हुनेछ।”

उहाँले भन्नुभयो, “यसले बैंक अफ जापानलाई बन्धनमा राख्छ... हामी अपेक्षा गर्छौं कि बैंक अफ जापान अहिलेका लागि होल्डमा बस्नेछ, तर लामो समयसम्म होइन। जनवरीसम्म दर वृद्धि सम्भावित छ र डिसेम्बरमा नै आउन सक्छ।”

# दिल्लीका केही विद्यालय परिसरमा प्रहरी तैनाथ

एएनआई

नयाँदिल्ली । बमको धम्कीको सूचना पछि शुक्रबार रिचमन्ड ग्लोबल स्कुल, सोभरिन स्कुल, मोडर्न इन्टरनेसनल स्कुल र हेरिटेज स्कुलमा अग्नि नियन्त्रक र प्रहरी कर्मचारीहरू तैनाथ गरिएको जनाइएको छ।

रिचमन्ड ग्लोबल स्कुलकी प्रिन्सिपल मौपाली मित्राले शुक्रबार बम राखिएको चेतावनी प्राप्त भएको इमेल प्राप्त भएको केही समयमै प्रहरीलाई सुचना गरेको बताउनुभएको छ। बम डिस्पोजल टोली र अन्य टोलीहरूको सहयोगमा विद्यालय परिसरमा विस्फोटक पदार्थको जाँच गर्दा सुरक्षित फेला परेको उहाँले बताउनुभयो।

दिल्लीका २० भन्दा बढी विद्यालयहरूलाई इमेलमार्फत बमको चेतावनी आएको अधिकारीहरूले शुक्रबार बताएका हुन। पछिल्लो तीन दिनमा दिल्लीका करिब १० वटा विद्यालय र एउटा कलेजलाई इमेलमार्फत बम राखिएको चेतावनी प्राप्त भएको केही दिन पछि प्रहरी तैथान गरिएको वा सुरक्षाका लागि अस्थायी रूपमा विद्यालय बन्द गरिएको हो।

प्रहरीका अनुसार चेतावनीमा भनिएको छ, “हेलो, मैले विदालयको कक्षाकोठामा धेरै विस्फोटक उपकरणहरू राखेको छु । विस्फोटकहरू कालो प्लास्टिकको झोलामा छन् म तिमीहरू प्रत्येकलाई यस संसारबाट विदा गर्नेछु।” चेतावनीमा भनिएको छ, “त्यहाँ केवल आमा बाबुले उनीहरूका बच्चाहरूको मृत शरीरमाथी विलाप गरिरहेका हुनेछन्, जब म यो समाचार देख्नेछु, खुसीले हाँस्नेछु। त्यहाँ केवल आमा



बाबुले उनीहरूका बच्चाहरूको मृत शरीरमाथि विलाप गरिरहेका हुनेछन्। यो समाचार पछि म आत्महत्या गर्नेछु।”

दिल्लीकी पूर्वमुख्यमन्त्री आतिशीले सामाजिक सञ्जाल एक्समार्मत शुक्रबार दिल्लाीका विद्यालयलाई बमको धम्कीपछि चिन्ता गर्दै विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्न नसकेकोमा सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) सरकारको आलोचना गर्नुभएको छ।

अधिकारीहरूका अनुसार थोमस स्कुल, वसन्त भ्याली स्कुल, द मदर इन्टरनेसनल स्कुल, रिचमन्ड ग्लोबल स्कुल र सरदार पटेल विद्यालयमा विष्फोटक पदार्थ राखिएको चेतावनी दिइएको छ ।यसअघि दिल्ली विश्वविद्यालयको सेन्ट स्टिफन कलेजलाई पनि बमको चेतावनी दिइएको थियो। इमेलले पुस्तकालयमा बम राखिएको दाबी गरेको अधिकारीहरूले बताएका छन्।

धम्की दिएका स्थानहरू खाली गरी प्रहरीले बम निस्क्रिय पार्ने टोली, तालिम प्राप्त कुकुरसहितको सुरक्षा टोली, दिल्ली अग्नि नियन्त्रण ब्रिगेडको टोलीलगायत घटनास्थलमा तैनाथ रहेको र अहिलेसम्म कुनै पनि सङ्कास्पद बस्तु फेला नपरेको प्रहरीले जनाएको छ।

दिल्ली प्रहरीले हालसम्म अन्य कलेजले उनीहरूलाई आजसम्म त्यस्तो कुनै जानकारी प्रदान गरेको सुचना गरेका छैनन् ।सोमबार दिल्लीको चाणक्यपुरी र द्वारका क्षेत्रका दुईवटा विद्यालयलाई पनि दिल्ली प्रहरीको मेलमार्फत बमको धम्की प्राप्त भएको जनाइएको छ।

# बाली र पशुपक्षी विशेष कार्यक्रम

दोधारा चाँदनी । कञ्चनपुरका नौवटै पालिकालाई कृषि पकेटक्षेत्र निर्धारण गरिएको छ । सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा स्थानीय तह विशेष पकेट क्षेत्र निर्धारण गरेर यहाँका नौवटै पालिकामा बाली र पशुपक्षी विषेश कार्यक्रम ल्याएको हो ।

उत्पादनलाई भौगोलिक विभाजनका आधारमा विशेष उत्पादन क्षेत्रमा बजेट विनियोजन गरिएको छ । कृषि ज्ञान केन्द्र महेन्द्रनगरका निमित्त प्रमुख गोविन्द सिजापतिले चालु आर्थिक वर्षमा कञ्चनपुरमा स्थानीय तह विशेष पकेट क्षेत्र अनुसार प्रत्येक पालिकाका लागि रु ४० लाख बजेट आएको जानकारी दिनुभयो । उहाँका अनुसार यहाँको भीमदत्त नगरपालिकालाई केरा पकेट क्षेत्र निर्धारण गरिएको छ ।

त्यसैगरी बेदकोट नगरपालिका, शुक्लाफाँटा नगरपालिका, पुनर्वास क्षेत्र रहेको पुनर्वासमा दुई शीत भण्डार छन् ।

त्यसैगरी बेदकोट नगरपालिका, दोधारा चाँदनी नगरपालिका र बेल्डाँडी गाउँपालिकामा शीत भण्डार सञ्चालनमा छन । त्यसैगरि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कञ्चनपुरबाट चालु आर्थिक वर्षमा पालिका विशेष उत्पादन कार्यक्रमका लागि पकेट क्षेत्र निर्धारण गरिएको छ । वरिष्ठ पशु विकास अधिकृतश्याम सिंह खड्काका अनुसार यहाँका सात पालिकालाई भैंसीपालन र दुई पालिकालाई बाख्रापालन विशेष कार्याक्रम रहेको जानकारी दिनुभयो ।

कृष्णपुर, शुक्लाफाँटा, बेल्डाँडी, दोधारा चाँदनी, भीमदत्त, बेदकोट र पुनर्वास नगरपालिकालाई भैंसीपालन पकेट क्षेत्र निर्धारण गरिएको छ । लालझाडी गाउँपालिका र बेलौरी नगरपालिकामा बाख्रा पकेट



नगरपालिका र दोधारा चाँदनी नगरपालिकालाई आलु पकेट क्षेत्र निर्धारण गरिएको छ । कृष्णपुर नगरपालिकालाई तरकारी पकेट क्षेत्र निर्धारण गरिएको छ । लालझाँडी गाउँपालिका दलन पकेट क्षेत्र, बेलौरी नगरपालिका तोरी पकेट क्षेत्र र बेल्डाँडी गाउँपालिका आलु पकेट क्षेत्र निर्धारण गरिएको छ ।

"तीन वर्षे कार्यक्रम अन्तर्गत स्थानीय तह विशेष पकेट क्षेत्रका लागि प्रत्येक पालिकामा रु ४० लाख बजेट आएको छ", निमित्त प्रमुख सिजापतिले भन्नुभयो- "मन्त्रालयले कार्यविधि पठाएपछि यसको कार्यान्वयनबारे स्पष्ट हुन्छ ।" उहाँका अनुसार आलु पकेट क्षेत्रका किसानका लागि शीत भण्डारको समेत व्यवस्था गरिएको छ । उहाँका अनुसार आलु पकेट क्षेत्रका लागि बजेट विनियोजन गरिएको छ । "पुनर्वास र भीमदत्त नगरपालिकामा क्रमश रु ६० लाख र रु ५० लाख बजेट आएको छ", वरिष्ठ पशु विकास अधिकृत खड्काले भन्नुभयो-"अन्य पालिकाका लागि रु ४० लाख बजेट छ ।"

सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता टिकेन्द्र कुश्मीले सरकारको नीति तथा कार्यक्रम अनुसार स्थानीय तह विशेष कार्यक्रम ल्याएको जानकारी दिनुभयो । "सम्भावना देखिएका बाली तथा पशुपक्षीको उत्पादनका क्षेत्रलाई विशेष क्षेत्रका रुपमा निर्धारण गरी व्यावसायिक कृषिको विकास गर्ने लक्ष्य अनुसार यो कार्यक्रम सञ्चालन गरिएको हो ।रासस

# दूधमा आत्मनिर्भर

मध्यविन्दु । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा गत आर्थिक वर्षमा ५० हजार १३ मेट्रिक टन दूध उत्पादन भएको छ ।

आव २०८१/८२ मा जिल्लामा ५० हजार १३ मेट्रिक टन दूध उत्पादन भएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख डा शर्मिला कुमालले बताउनुभयो । जिल्लाको जनसङ्ख्याका आधारमा दूध आवश्यकताभन्दा बढी उत्पादन भई जिल्ला बाहिर निर्यात हुने गरेको छ । उत्पादन भएको दूधको तथ्याङ्कका आधारमा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) विगत तीन वर्षदेखि आत्मनिर्भर रहेको प्रमुख कुमालले बताउनुभयो ।

"विश्व स्वास्थ्य सङ्गठनले विकासउन्मुख राष्ट्रका लागि एक व्यक्तिलाई एक वर्षमा ९१ लिटर दूध तय गरेको आधारमा जिल्लामा एक व्यक्तिका लागि एक सय ३२ लिटर दूध पुग्ने गरी उत्पादन रहेको छ", उहाँले भन्नुभयो, "आर्थिक वर्ष २०८१/८२ मा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा उत्पादन भएको दूधको आधारमा यहाँको कूल जनसङ्ख्यालाई एक व्यक्ति बराबर एक सय ३२ लिटर दूध पुग्ने देखिन्छ ।"

तथ्याङ्कअनुसार गत आवमा जिल्लामा ५० हजार १३ मेट्रिक टन दूध उत्पादन भएको थियो । यसमध्य गाईको दूध ३२ हजार तीन सय ५३ मेट्रिक टन रहेको छ भने भैंसीको दूध १७ हजार छ सय ६० मेट्रिक टन छ । जिल्लामा खपत भएर बाँकी रहेको दूध काठमाडौँ, पोखरा र चितवन बिक्री गर्न पठाउने गरिएको प्रमुख कुमालले बताउनुभयो । जिल्ला दूध उत्पादनमा आत्मनिर्भर भए पनि पछिल्लो तीन वर्षको उत्पादन अनुपात तुलना गर्दा गत आवमा दूध उत्पादनमा कमी आएको छ ।

"आव २०७८/७९ मा ६१ हजार छ सय ६४ मेट्रिक टन दूध उत्पादन भएकामा आव २०७९/८० मा थप वृद्धि भई ६२ हजार चार सय ४६ मेट्रिक टन उत्पादन भएको थियो । तर गत आव २०८०/८१ मा विगतको भन्दा घटेर जम्मा ५५ हजार एक सय ७० मेट्रिक टन दूध उत्पादन भएको थियो ।

गत आवमा अझ घटेर ५० हजार १३ मेट्रिक टन दूध उत्पादन भएको छ",उहाँले भन्नुभयो । जिल्लाको तथ्याङ्क हेर्दा प्रत्येक वर्ष गाईभैंसी फार्म र गाई भैंसीको सङ्ख्यासमेत घट्दो क्रममा रहेको छ । आव २०७९/८० मा गाईको सङ्ख्या ४१ हजार चार सय ८९, भैंसीको सङ्ख्या ४८ हजार



आठ सय ५४ रहेको थियो, भने आव २०८०/८१ मा गाईको सङ्ख्या ३७ हजार एक सय ९८ र भैंसीको सङ्ख्या ४३ हजार नौ सय ५० रहेको देखिन्छ ।

गत आवमा गाईको सङ्ख्या ३२ हजार आठ सय ९७ रहेको थियो भने भैंसीको सङ्ख्या ३८ हजार आठ सय ९६ रहेको छ । यसरी तीन वर्षको तथ्याङ्क हेर्दा प्रत्येक वर्ष सरदर चार हजारको दरले गाईको सङ्ख्या घट्दो क्रममा रहेको देखिन्छ भने पाँच हजारको दरले भैंसीको सङ्ख्या जिल्लामा घट्दो क्रममा रहेको देखिन्छ ।

**दूधमा अनुदान**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्याङ्जाले दूधमा अनुदान दिएको छ ।

उत्पादनका आधारमा कृषकलाई प्रोत्साहित गर्न कार्यालयले जिल्लाभित्र सञ्चालनमा रहेर मापदण्ड पूरा गरेका समूह, सहकारीलाई प्रतिलिटर रु पाँच अनुदान उपलब्ध गराएको हो ।उत्पादनमा आधारित प्रोत्साहन सहयोगअन्तर्गत मापदण्डअनुसार दैनिक २०० लिटर दूध सङ्कलन गर्ने र वार्षिक २०० दिन दूधको कारोबार गर्ने समूह सहकारीलाई छनोट गरी सहयोग दिइएको भेटेरिनरी तथा पशु विज्ञ केन्द्र स्याङ्जाका प्रमुख रुपेश श्रेष्ठले जानकारी दिनुभयो ।

कार्यालयले गत आर्थिक वर्ष २०८१/०८२ मा दुई लाख लिटर दूधका लागि रु पाँचका दरले रु १० लाख प्रोत्साहनस्वरुप सहयोग गरेको उहाँले बताउनुभयो ।प्रोत्साहन रकम वितरणसम्बन्धी कार्यालयले मापदण्ड पूरा गरेका समूह तथा सहकारीबाट आवेदन माग गरेको थियो । त्यसमा तीन वटा समूह र सहकारीले आवेदन दिए पनि मापदण्डका आधारमा दुई वटालाई छनोट गरी प्रोत्साहन रकम उपलब्ध गराइएको उहाँले बताउनुभयो ।

कार्यालयले भिरकोट नगरपालिकामा अवस्थित भिरकोट दुग्ध उत्पादन सहकारी र आँधीखोला गाउँपालिकामा अवस्थित आँधीखोला कृषि उद्यम सहकारी संस्थामा आबद्ध कृषकलाई प्रोत्साहन उपलब्ध गराएको हो ।"प्रोत्साहन रकम दुई चरणमा गरी उपलब्ध गराएका हौँ", प्रमुख श्रेष्ठले भन्नुभयो, "कृषकलाई अन्य सहयोग तथा अनुदानका कार्यक्रमभन्दा उत्पादनका आधारमा दिइने प्रोत्साहन रकम बढी प्रभावकारी हुने गरेको पाएका छौँ ।"

भिरकोट दुग्ध उत्पादक सहकारी संस्थाले कूल रु छ लाख ५० हजार ६५० प्राप्त गरेको छ। सहकारीले एक लाख ३० हजार १३० लिटर दूधका लागि उक्त रकम प्राप्त गरेको हो ।आँधीखोला कृषिउद्यम सहकारी संस्थाले ६९ हजार ७२० लिटर दूध सङ्कलन गरेको थियो । सङ्कलित उक्त परिमाणको दूधमा रु पाँचका दरले रु तीन लाख ४८ हजार ६०० प्रोत्साहन रकम प्रदान गरिएको उहाँले बताउनुभयो ।

दुई वटा सहकारीले तोकिएको मापदण्डअनुसार दूध उत्पादन तथा सङ्कलन गरेका हुन् । सङ्कलन भएको दूधको प्रतिलिटर रु पाँचका दरले नौ लाख ९९ हजार २५० प्रोत्साहन सहयोग गरेको हो ।प्रोत्साहन सहयोगले उत्पादनमा वृद्धि हुँदै गएकाले प्रोत्साहन सहयोग कार्यक्रमलाई निरन्तरता दिइएको कार्यालयले जनाएको छ । कार्यालयले भकारो सुधार, नयाँ गोठ निर्माण, मिल्क एनालाइजरलगायत यन्त्र तथा उपकरण पनि कृषकलाई अनुदानमा सहयोग गर्दै आएको छ ।

**दूधमा अनुदानबापत रु ९७ लाख**

**वितरण**

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले दुग्ध उत्पादक किसानलाई रु ९७ लाख ४१ हजार ५३४ अनुदान वितरण गरेको छ । दुग्ध उत्पादक किसानलाई पशुपालनमा प्रोत्साहन गर्ने उद्देश्यसहित कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा ११ सहकारीमार्फत उक्त रकम वितरण गरेको हो ।

केन्द्रमार्फत दूधमा अनुदान वितरण कार्यक्रम दोब्बरले वृद्धि भएको छ । गत आर्थिक वर्ष २०८०/८१ मा किसानलाई रु ४३ लाख ७३ हजार अनुदान वितरण गरिएको थियो ।

केन्द्र प्रमुख रविनसन अधिकारीले उत्पादनका आधारमा अनुदान दिने नीतिले दुग्ध उत्पादनतर्फ किसान आकर्षित भएको जानकारी दिनुभयो । चालु आवमा दुग्ध उत्पादनमा अनुदान कार्यक्रमका लागि रु एक करोड बजेट विनियोजन गरिएको थियो ।

उहाँले भन्नुभयो, "दुग्ध उत्पादनमा किसानलाई आकर्षित गराउने उद्देश्यसहित प्रतिलिटर रु तीनका दरले अनुदान वितरण गरेका छौँ । चालु आवमा ३२ लाख ४७ हजार लिटर दूधमा अनुदान वितरण गरिएको अधिकारीले उल्लेख गर्नुभयो ।

जिल्लाका १५ वटा सहकारीमार्फत प्रस्ताव आए पनि दोहोरो सुविधा नहुने गरी१०- ११ वटा सहकारीमार्फत दूध बिक्री वितरण गर्ने किसानलाई अनुदान दिइएको अधिकारीले उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "कतिपय स्थानीय तह आफैँले पनि दूधमा अनुदान दिने कार्यक्रम सञ्चालन गरेका छन् । त्यस्ता ठाउँमा दोहोरिने भएकाले वितरण गरेनौँ ।" दूधमा उत्पादनका आधारमा अनुदान दिन थालेपछि किसान दुग्ध उत्पादनतर्फ आकर्षित भएकाले जिल्ला दूधमा आत्मनिर्भर बन्न सहयोग पुगेको छ ।

व्यास नगरपालिका-१० दुम्सी दुग्ध उत्पादक सहकारी संस्थामार्फत पाँच लाख ८३ हजार ३३३ लिटर दूध बिक्री गरेबापत रु १७ लाख ५० हजार, व्यास नगरपालिका-१ स्थित चारकुने दुग्ध उत्पादक सहकारीमार्फत एक लाख १६ हजार ९२९ लिटर दूध बिक्री गरेबापत रु तीन लाख ५० हजार ७८८, व्यास नगरपालिका-१३ स्थित बेलबास दुग्ध उत्पादक सहकारीमार्फत पाँच लाख पाँच हजार १२ लिटर दूध बिक्री गरेबापत रु १५ लाख १६ हजार ५३७, व्यास नगरपालिका-५ चिन्तुटार दुग्ध उत्पादक सहकारी संस्थमार्फत एक लाख ८५ हजार १४० लिटर दूध बिक्री गरेबापत रु पाँच लाख ५५ हजार ४२१, व्यास नगरपालिका-१० स्थित शेवर दुग्ध उत्पादक सहकारीमार्फत एक लाख ४८ हजार ३३२ लिटर दूध बिक्री गरेबापत रु चार लाख ४४ हजार ९९८ अनुदान वितरण गरिएको छ।

बन्दीपुर गाउँपालिका-५ याम्पा दुग्ध उत्पादक सहकारीमार्फत पाँच लाख ५४ हजार २६० लिटर दूध बिक्री गरेबापत रु १६ लाख ६२ हजार ७८०, बन्दीपुर गाउँपालिका-१ स्थित सूर्योदय दुग्ध उत्पादक सहकारी संस्थामार्फत ९६ हजार ९९३ लिटर दूध बिक्री गरेबापत रु दुई लाख ९० हजार ९८०, देवघाट गाउँपालिका-५ स्थित गोहीटार कृषि सहकारी संस्थामार्फत दुई लाख ७५ हजार ५७ लिटर दूध बिक्री गरेबापत रु आठ लाख २५ हजार १७२, शुक्लागण्डकी नगरपालिका-१० स्थित शुक्ला कृषि पर्यटन सहकारीमार्फत तीन लाख ४६ हजार ६२१ लिटर दूध बिक्री गरेबापत रु १० लाख ३९ हजार ८६४ अनुदान उपलब्ध गराएको छ।

त्यसैगरी शुक्लागण्डकी नगरपालिका-७ स्थित गौ सेवा दुग्ध उत्पादक सहकारी संस्थामार्फत ९१ हजार ५३० लिटर दूध बिक्री गरेबापत रु दुई लाख ७४ हजार ५९० र शुक्लागण्डकी नगरपालिका-९ स्थित जयलक्ष्मी दुग्ध उत्पादक सहकारीमार्फत तीन लाख ४३ हजार ४६६ लिटर दूध बिक्री गरेबापत रु १० लाख ३० हजार ३९८ अनुदान वितरण गरिएको केन्द्रले जनाएको छ।

दुम्सी दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष सुवास सापकोटाले दूधमा अनुदान दिने नीतिले किसानलाई सहज भएको बताउनुभयो । उहाँले भन्नुभयो, "अनुदान नीतिले पहिला कम दूध उत्पादन गर्नेले पनि अहिले बढी उत्पादनमा जोड दिएका छन् ।"रासस

# भरतपुर महानगरले खर्च र आम्दानी दुवै बढायो

चितवन । भरतपुर महानगरपालिकाले अघिल्लो वर्षको तुलनामा खर्च र आम्दानी दुवै बढाएको छ। पुँजीगत खर्च र राजस्व सङ्कलन दुवै बढेको हो । महानगरपालिकाले गत आवमा रु एक अर्ब ३६ करोड ६८ लाख ६१ हजार राजस्व सङ्कलन गरेको छ। जुन अघिल्लो आवको भन्दा रु पाँच करोड ७६ लाख ९६ हजार बढी हो ।

महानगरपालिकाका राजस्व महाशाखा प्रमुख जगन्नाथ अर्यालका अनुसार लक्ष्यको ८३ प्रतिशत राजस्व सङ्कलन भएको छ । कार्यालयले रु एक अर्ब ८० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको थियो । लक्ष्य लिँदा मालपोत कार्यालयबाट रु ७८ करोड राजस्व सङ्कलन हुने अनुमान गरिएकामा रु ५२ करोडमात्र सङ्कलन भएको हो। यस्तै ढुङ्गा, गिट्टी, बालुवाको वातावरणीय प्रभाव मूल्याङ्कन ढिला हुँदा राजस्वमा केही कमी आएको हो ।




अर्यालले सम्पत्ति कर लक्ष्यभन्दा दोब्बर उठेको बताउनुभयो । रु आठ करोड ७८ लाख लक्ष्य रहेकामा रु १५ करोड ८० लाख राजस्व सङ्कलन भएको छ । महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले व्यवसाय बन्द भएका कारण ती क्षेत्रको राजस्व घटेको र घर बन्ने क्रम घटेकाले नक्सापास कम भएको बताउनुभयो । सिफारिस र दस्तुर शुल्क किन घट्यो खोजी भइरहेको उहाँले बताउनुभयो । सम्पत्ति करको दायरामा महानगरवासी आएकाले लक्ष्यको दोब्बर बढेको उहाँ बताउनुहुन्छ ।

त्यसैगरी, खर्च अघिल्लो आवको तुलनामा करिब १२ प्रतिशत बढाउन सकिएको उहाँले बताउनुभयो ।

पुँजीगत खर्च रु एक अर्ब ६८ करोड १५ लाख २३ हजार भएको छ । यो लक्ष्यको ६१ दशमलब ७१ प्रतिशत हो । अघिल्लो आवमा ५० दशमलव ४३ प्रतिशतमात्र पुँजीगत खर्च भएको थियो । त्यस वर्ष रु एक अर्ब ८६ करोड ७७ लाख ४७ हजार खर्च भएको थियो ।

पौडेलका अनुसार सङ्घ र प्रदेशबाट प्रशासनिक भवन र रङ्गशालालाई प्राप्त बजेटलाई पुँजीगत खर्चमा समावेश गरिएको छैन । यसलाई समेत समावेश गर्दा ७० प्रतिशत प्रगति हुन आउने पौडेल बताउनुहुन्छ । उहाँले भन्नुभयो, "हामीले गत आवको सुरुआतदेखि नै गरेको निरन्तरको मेहेनतका कारण पुँजीगत खर्च बढेको हो । तर अझै हामी सन्तुष्ट छैनौं ।"

महानगरपालिकाका कार्यवहाक नगरप्रमुख चित्रसेन अधिकारीले समयमा नै प्राविधिकहरूलाई कार्यक्षेत्र बाँटफाँट गरी लागत अनुमान तयार गरेर पेस गर्न निर्देशन दिइएका कारण काम समयमा हुनसकेको बताउनुभयो ।

खरिद प्रक्रिया समयमा गर्ने, नगरप्रमुख, आफू र प्रमुख प्रशासकीय अधिकृतले नियमित अनुगमन र आवश्यक निर्देशन दिनेलगायतका कारण पुँजीगत खर्च बढाउन सकिएको बताउनुभयो । उहाँले भन्नुभयो, "जे गरिएको छ, राम्रो भएको छ, अझै पुगेको छैन ।"

मालपोतको रजिष्ट्रेसनमा कमी आएको, नदीजन्य पदार्थको समयमा बोलकबोलको काम गर्न नसकेको र घरबहाल कर लक्ष्यअनुसार उठाउन नसकेका कारण राजस्व बढेर पनि लक्ष्यमा पुर्याउन नसकेको बताउनुभयो । आर्थिक मन्दीका कारण पनि राजस्वमा कमी आएको हो ।रासस

# प्रभु हेलिकप्टरले आइपिओ जारी गर्दै




काठमाण्डु । प्रभु हेलिकप्टरले आफ्नो उडान सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ । आफ्नो स्थापनाको १० औं वर्षमा प्रवेश गरेको अवसरमा कम्पनीले सुरक्षित र यात्रुमैत्री सेवा प्रवाहलाई बलियो बनाउने जनाएको छ ।

वार्षिकोत्सवको अवसरमा प्रभु हेलि लिमिटेडका अध्यक्ष सुभाष अमात्यले पछिल्लो एक दशकमा प्राप्त साथ र सहयोगप्रति सम्पूर्णमा आभार व्यक्त गर्दै आगामी दिनमा थप गुणस्तरीय सेवा दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । एक दशकअघि तत्कालीन मुक्तिनाथ हेलिकप्टरका नामबाट सञ्चालित कम्पनीलाई प्रभु ग्रुपले २०७२ सालमा सम्पूर्ण शेय खरिद गरी प्रभु हेलिकप्टरका नामबाट सञ्चालनमा ल्याएको हो ।

"नेपालको विविध र चुनौतीपूर्ण भौगोलिक अवस्थामा सुरक्षित, भरपर्दो र प्रभावकारी हवाई यातायात सेवामा प्रतिबद्ध भई निरन्तर लागेका छौँ, आगामी दिनमा पनि यात्रु तथा सेवाग्राहीबाट यही किसिमको माया र विश्वास पाउने अपेक्षा गर्दछौँ", कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

प्रभु हेलिकप्टरले विशेष गरी मुलुकको पर्यटन क्षेत्रका साथै आकस्मिक उद्धार, सामग्री ढुवानीलगायतका क्षेत्रमा काम गरिरहेको छ । सुरुआती चरणमा एउटा रोबिन्सन हेलिकप्टरबाट व्यावसायिक यात्रा सुरु गरेको प्रभुले हाल दुई एयरबस एच १२५ मार्फत उडान सेवा प्रवाह गरिरहेको छ । कम्पनीले हाल पोखरा, काठमाडौं र लाङटाङमा हेलिकप्टर टुर तथा साइटसिङ सेवा उपलब्ध गराइरहेको छ भने मुक्तिनाथ, गोसाइकुण्ड, कालीञ्चोक भगवती र लुम्बिनीमा पनि हेलिकप्टर टुर उपलब्ध गराउँदै आएको छ । साथै सगरमाथा, अन्नपूर्ण र माछापुछ्रे हिमालको आधार शिविरमा पनि हवाई उडान गर्नुका साथै उद्धारलगायतका सेवा उपलब्ध गराउँदै आएको छ । सुरुमा कम्पनी ऐन, २०६३ अन्तर्गत एक निजी लिमिटेड कम्पनीको रूपमा समावेश गरिएको प्रभु हेलिकोप्टर प्रालि २०७९ असार ३० गतेदेखि पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण भएको हो । कम्पनीसँग पोखरामा आफ्नै ह्याङ्गर सुविधा उपलब्ध छ ।

**आइपिओ जारी गर्दै**

प्रभु हेलिकप्टर लिमिटेडले सर्वसाधारणका लागि आइपिओ निष्कासनको तयारी गरेको छ। कम्पनीका अनुसार आइपिओ जारी गर्नका लागि आइपिओ बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटललाई नियुक्त गरिसकेको छ ।रासस

# आव २०८१/८२ मा २१ खर्ब २४ अर्ब ९१ करोड बराबरको धितोपत्र कारोबार

काठमाण्डु । अर्थतन्त्रका केही क्षेत्र सुस्त रहेको बेला आर्थिक वर्ष २०८१/८२ मा धितोपत्रको दोस्रो बजार कारोबारमा भने ऐतिहासिक रेकर्ड कायम भएको छ । बजारका अन्य परिसूचकमा पनि सो आर्थिक वर्षमा उल्लेख्य सुधार भएको छ ।

नेपाल स्टक एक्सचेञ्जको विवरणअनुसार आव २०८०/८१ मा रु सात खर्ब ३४ अर्ब ६८ करोड बराबरको धितोपत्रको कारोबार भएकामा आव २०८१/८२ मा रु २१ खर्ब २४ अर्ब ९१ करोड बराबरको कारोबार भएको छ । कारोबार रकम आव २०८०/८१ को तुलनामा एक सय ८९ दशमलव २३ प्रतिशतले बढी हो । यसअघि आव २०७७/७८ मा सबैभन्दा धेरै (अर्थात् रु १४ खर्ब ५४ अर्ब ४४ करोड)को कारोबार भएको थियो ।

त्यसैगरी वर्ष २०८१ को असार मसान्तमा रु ३५ खर्ब ५३ अर्ब ६७ करोड रहेको बजार पुँजीकरण २०८२ असार मसान्तमा ३१ दशमलव शून्य पाँच प्रतिशतले वृद्धि भई रु ४६ खर्ब ५६ अर्ब ९८ करोड पुगेको छ । आर्थिक वर्ष २०८१/८२ को अन्तसम्ममा सूचीकृत कम्पनीको सङ्ख्या दुई सय ७२ पुगेको छ । सो आवमा मर्जर तथा एक्विजिसनका कारण तीन कम्पनी सूचीकरणबाट हटेका छन् ।

त्यसैगरी, प्रथम सार्वजनिक निष्काशनमार्फत चारवटा कम्पनी थपिएका छन् । प्रथम निष्कासनमार्फत तीन करोड ६५ लाख कित्ता सेयर, थप निष्कासनमार्फत ११ लाख २० हजार कित्ता सेयर, सरकारबाट थप गरिएको तथा स्थानीयलाई वितरण गरिएको चार करोड ३२ लाख ५८ कित्ता सेयर, सामूहिक लगानी कोषका ३७ करोड ८१ लाख एकाइ र संस्थागत ऋणपत्र ८३ लाख कित्ता गरी जम्मा ८० करोड ४२ लाख ८५ हजार कित्ता धितोपत्र सूचीकृत भएका छन् ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडले आव २०८१/८२ मा भएको उत्साहजनक कारोबारका लागि नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड, अन्य नियामक निकाय, कारोबार सदस्य, सूचीकृत कम्पनी, मर्चेन्ट बैंकर, सिडिएस एन्ड क्लियरिङ लिमिटेड, लगानीकर्ता, सञ्चारकर्मीसहित पुँजी बजारका सरोकारवाला सबैलाई धन्यवाद दिएको प्रवक्ता मुराहरि पराजुलीले जानकारी दिनुभयो ।रासस

# 'नेपाल-भारत खुला सीमानाकामा सचेत रहनुपर्छ'




**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले नेपाल-भारतको सम्बन्ध सामाजिक सांस्कृति र सांस्कारिकसंग जोडिएको सम्बन्ध रहेको बताएका छन् ।

जलेश्वरमा शुक्रबार आयोजित एक कार्यक्रममा बोल्दै अध्यक्ष ठाकुरले नेपाल-भारत सम्बन्ध केवल कुटनीतिक मात्र नभइ जनजीवन, परिवारिक, संस्कार र संस्कृतिसंग जोडिएको सम्बन्ध रहेको प्रस्ट गरे ।

अध्यक्ष ठाकुरले भने, 'नेपाल-भारत सम्बन्ध केवल कुटनीतिक मात्र होइन, यो जनजीवन, परिवार, संस्कार र संस्कृति जोडिएको सम्बन्ध हो । जनस्तरको सम्बन्ध अन्य सबै सम्बन्ध भन्दा गहिरो र स्थायी हुन्छ ।'

उनले अधिकार प्राप्तिको संघर्ष निरन्तर हुनुपर्नेमा जोड दिए । उनले अधिकार प्राप्तिको लडाई अझै पनि जारी नै रहेको जनस्तरको सम्बन्ध अघि बढाउनुपर्ने बताए ।

त्यस्तै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले नेपाल-भारत खुला सीमाको सुरक्षामा दुबै देश जिम्मेवार रहनुपर्ने बताए ।

नेपाल भारत मैत्री संघद्वारा आयोजित सम्मान तथा पुरस्कार वितरण कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले बदलिँदो भूराजनीतिक परिवेशका कारण नेपालले पनि विशेष सतर्कता अपनाउनुपर्ने अवस्था आएको बताए ।

मन्त्री भण्डारीले खुला सिमाना नेपालको मात्र नभई भारतको पनि साझा सुरक्षा चासो भएको उल्लेख गरे । उनले खुला सीमाले दुई देशबीचको सांस्कृतिक, पारिवारिक, धार्मिक र आर्थिक सम्बन्धलाई मजबुत रहेको बताए । उनले सुरक्षा चुनौतीको सन्दर्भमा दुवै देश जिम्मेवार भएर सीमा व्यवस्थापनमा ध्यानसमेत बताए ।

सो कार्यक्रममा धनुषाका २४ र महोत्तरीका १८ जना गरी ४२ जना एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याएका विद्यार्थीहरूलाई साइकल तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

# सवालदेखि नडराउ : मधेश सरकार

ब्लग :



श्यामसुन्दर शशि

आजब्लगको लिड आफै लेख्नु भन्दा पनि हालै विभिन्न पत्रपत्रिका तथा अनलाईनहरुमा प्रकाशित समाचारहरुको हेडलाईनलाई बनाउन मन लाग्यो । पत्रपत्रिकालाई मुलुकको ऐना भनिन्छ । पहिले ऐनामा मुलुकको अनुहार हेरौं अनि विषय वस्तुमा प्रवेश गरौंला ।

अन्नपूर्णा टायम्समा मनिकाझा लेख्छिन्- 'मधेशको बजेटमा बेथिति : दुई थरी रातो किताव, १ हजारका २२० योजना ।'

जनकपुर टुडेको एउटा समाचारको शीर्षक छ- 'ओली सरकारलाई दिएको समर्थन उपेन्द्र यादवले फिर्ता लिए, राष्ट्रिय सभामा सरकार अल्पमतमा ।'

कान्तिपुरमा मातृका दाहाल लेखेका छन्- 'राजकुमारले राजीनामा दिए, बलराम अझै बलिया । घूस 'डिल' सम्बन्धी अडियो सार्वजनिक भएको एक साता बित्दा पनि सरकारले छानबिन र कारबाहीमा चासो दिएको छैन ।

अन लाइनखवरको शिर्षक छ- 'एमालेमा ७० वर्षे उमेर हद र दुई कार्यकालको व्यवस्था हटाउने प्रस्ताव अनुमोदन ।'

जनकपुर टुडेको अर्को समाचारको शीर्षक छ- 'जनमत पार्टीका निलम्बनमा परेका उपाध्यक्ष ई.दीपक साहसहितका नेतालाई भौतिक कारबाही गर्ने जनमत पार्टीका सिरहा इन्चार्ज बिनोद यादवले दिए चेतावनी ।'

समाचारका ई शीर्षकहरुबाट के बुझिन्छ भने, सरकारमा भ्रष्टाचारीहरुको हालीमुहाली छ । पारदर्शीता छैन । स्वार्थ मिल्दा सरकारलाई समर्थन गने, नमिल्दा समर्थन फिर्ता लिने, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवकै शब्दमा भनौं भने- बालुवाटार र च्यासलको शिरमा राज रहुञ्जेल अधिकारीलाई जे गर्न पनि छुट छ । ढुक्क हुनुस्, भूमिमन्त्री बलराम अधिकारीले राजीनामा दिनु पर्दैन । बालुवाटार र च्यासलको शीरमा 'बा' को राज रहुञ्जेल उनका सगोत्रीहरुलाई जे गर्न पनि छुट छ ।' पार्टीहरु भित्र आन्तरिक लोकतन्त्र छैन । नभए यस अघि दुई कार्यकाल र ७० वर्ष उमेर हद लागू गरेको एमाले पुनः यस प्रावधानलाई हटाउने थिएन । पार्टीभित्र फरक मत राख्ने वा पार्टी अध्यक्षको विरोध गर्ने नेताहरुमाथि पार्टी कार्यकर्ताहरुले नै कालो मसी दलेर बेइज्जत गर्छ । समग्रमा भनौं भने 'जिसकी लाठी उसकी भैंस ।' वाला सिद्धान्तमा मुलुक चल्दैछ ।

प्रतिनिधिसभाको राज्य व्यवस्था समितिले निजामती सेवा सम्बन्धी विधेयकमा दुई वर्षे कुलिंग पिरियड राख्ने निर्णय गरेको थियो । तर सदनमा निर्णयार्थ प्रस्तुत हुँदा कुलिंग पिरियडमा 'बाहेक'थपेर यस निर्णयलाई नै उल्टाइयो । अचम्म के भने 'बाहेक' थपिएको उक्त विधेकलाई प्रतिनिधिसभा सदस्यहरु ताली बजाएर पारित पनि गरे । हाँसौं कि रोऔं । यद्यपि दोषी पत्ता लगाउन समिति गठन नभएको होइन, तर दोषी माथि कारबाही हुन्छ जस्तो लाग्दैन । कारण मैथिलीको उखान जस्तै-'कवाडीसँ मुरै मोटगर छै ।'

संघीयता मधेशी जनताको रगतसंग साटिएको प्रिय उपहार हो । यसको रक्षा, सबलीकरण तथा कार्यान्वयनको जिम्मेवारी पनि मधेशी जनता तथा मधेश केन्द्रित दलहरुकै हो । संघीयता कार्यान्वयनमा आएको पछिल्लो आठ वर्ष मधेश सरकारको नेतृत्व यिनै मधेश केन्द्रित दलहरुले गर्दै आएका छन् । तर यस आठ वर्षमा मधेशी जनताले भाषा जस्तो प्रिय पहिचान समेत पाउन सकेन । अचेल मधेश सरकार योजना खरिद बिक्री, कमिशन, भ्रष्टाचार, अलोकतान्त्रिक क्रियाकलापका कारण बदनाम बन्दै छ । नेपाली कांग्रेस र एमालेको ढाडमा उभिएर अचेल मधेशमा जनमत पार्टी नेतृत्वको सरकार छ । मधेश सरकारले दुई थरि रातो किताब (वार्षिक कार्यक्रम पुस्तिका) ल्याएर जगहसाईको पात्र बनेको छ । तर्क के दिइँदै छ भने साना योजनाहरु सार्वजनिक नगर्ने चलन अनुसार नै पहिलो रातो कितावमा केही साना योजनाहरु छाडिएको थियो । तर मेरो विनम्र सवाल छ- यदि ती साना योजनाहरु २ अर्बभन्दा बढीको हो भन्ने यस्तो योजना सार्वजनिक गर्ने कि नगर्ने ??

मधेश सरकारले नीति तथा कार्यक्रममार्फत 'फिड द नेशन' अर्थात् मुलुकलाई खाना खुवाउने नारा दिइएको छ, तर कृषि तथा सिचाइँ मन्त्रालयको बजेट कटौती गरिएको छ । एक जना बहालबाला मन्त्रीको जातीय सम्मेलनको लागि २० लाख अनि सीता सर्किट, सिम्रौनगढ भेटेनरी अस्पताल तथा अनुसन्धान केन्द्रको लागि १/१हजार बजेट विनियोजन गरिएको छ । यो सरकार विधिले होइन व्यक्तिले चलाएको प्रतीत हुन्छ ।

हामी सबैले देख्दै र भोग्दै आएका हौं । अति हुँदा क्षति भएको छ । म सत्ताधारी जनमत पार्टीका मुखिया डा. सिके राउत, महन्थ ठाकुर, उपेन्द्र यादव सहितका मधेशी शीर्ष नेताहरुलाई स्मरण गराउन चाहन्छु - अलि दिमागमा बल दिएर सोच्नुहोस्, मधेश आन्दोलन चलि रहँदा गोरखापत्र, नेपाल टेलिभिजन र रेडियो नेपाल जस्ता सरकारी तथा काठमाण्डुबाट निस्किने अन्य पत्रपत्रिका एवं रेडियो-टेलिभिजनहरु कुन कित्तामा थिए र मधेशबाट निस्किने जुनसुकै दल वा व्यक्तिसंग सम्वद्ध पत्रपत्रिका र रेडियो कुन कित्तामा थिए ?? इमानदारीपूर्वक जवाफदिने हो भन्ने तपाईहरु पनि भन्नु हुन्छ- मधेशबाट



निस्किने पत्रपत्रिका र मधेशी पत्रकारहरु मधेश आन्दोलनको पक्षमा थिए । तर मधेश सरकार यिनै सरकारी मिडियालाई विज्ञापन दिन्छ । यिनै मिडियाका सञ्चारकर्मीलाई लक्षित गरी सभा, सेमिनार तथा गोष्ठीहरु गर्छ । मधेश सरकारको यस नीतिलाई सबैले बुझेका छन् । सरकार प्रश्नदेखि डराएको छ ? निजी मिडिया प्रश्न गर्छ- 'मन्त्रीको स्वजातीय कार्यक्रममा २० लाख र सीता सर्किटमा १ हजार बजेट किन विनियोजन गर्नु भयो ? निजी मिडिया प्रश्न गर्छ- एसईई परीक्षामा मधेशका ७२ प्रतिशत विद्यार्थी फेल भएको छ । यसको जिम्मेवारी लिने कि नलिने ? यी र यस्ता प्रश्नको जवाफ मधेश सरकारसंग छैन ।

तर नेताजीहरु गाँठो पारेर बस्नु, तपाईहरुको कार्यशैलीमा सुधार आएन भन्ने आन्दोलन फेरि हुन्छ । त्यतिबेला तपाई फेरि सडकमा आउन सक्नु हुन्छ । अनि तपाईहरुको सवाल यिनै मधेशका सञ्चारकर्मीले जनता समक्ष पुऱ्याउने छन् ।

# शिक्षक साह बर्खास्त



**टुडे समाचारदाता**

रौतहट । छात्रालाई अनुचित सन्देश पठाएको आरोपमा माध्यमिक विद्यालय गरुडाका शिक्षक रवीन्द्र प्रसाद साहलाई बर्खास्त गरिएको छ ।

विद्यालय व्यवस्थापन समिति, वडा समिति, अभिभावक, राजनीतिक दलका प्रतिनिधि र समाजसेवीको संयुक्त बैठकबाट शिक्षक साहलाई तत्काल बर्खास्त गर्ने निर्णय गरेको छ ।

विद्यालयका पूर्वअध्यक्ष राजकुमार दासले यसअघि पनि साहले पटक पटक छात्रालाई दुर्व्यवहार गरेको र सामाजिक दण्ड भोगेका पनि कानुनी कारबाही नहुँदा पटकपटक यस्तो व्यवहार हुने गरेको आरोप लगाए । एक १६ वर्षीय छात्रालाई गत आइतबार (असार २९) उनले 'ह्यापी बर्थडे मेरी जान' भन्दै सन्देश पठाएपछि विवाद उत्पन्न भएको थियो । आक्रोशित स्थानीयहरुको एक समूहले कुटपिट र तोडफोडमा उत्रिएपछि प्रहरीले अनुसन्धानका लागि शिक्षक साहलाई नियन्त्रणमा लिएको थियो ।

छात्राका अभिभावकहरूले दिएको उजुरी अनुसार कारवाही प्रक्रिया अघि बढाइएको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले जानकारी दिए । उनले शिक्षक साहविरुद्ध अभद्र व्यवहारको मुद्दा दर्ता गरी सात दिनको म्यादसहित अनुसन्धान थालिएको छ ।

# आगो लगाएर हत्या गरेको आरोपमा एक पक्राउ

**टुडे समाचारदाता**

गौशाला । महोत्तरीको गौशालास्थित रजखोरमा पेट्रोल छर्की आगो लगाएर छिमेकीको हत्या गरेको अभियोगमा एक जना पक्राउ परेका छन् ।

जिल्लाको गौशाला-४ स्थित रजखोरका ५० वर्षीय बलिराम साहलाई असार २६ गते पेट्रोल छर्की आगो लगाएको आरोपमा स्थानीय ३० वर्षीय सुरेन्द्र साहलाई प्रहरीले पक्राउ गरेको छ ।

साहलाई भारतको मधुवनीबाट बिहीबार दिउँसो पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । बलिराम साहको बुधबार उपचारका क्रममा मृत्यु भएको महोत्तरी प्रहरीले जनाएको छ ।

गम्भीर घाइते बलिरामलाई तत्काल नजिकको प्राथमिक स्वास्थ्य केन्द्रमा लगिएको थियो । थप उपचारका लागि उनलाई काठमाण्डु रेफर गरिएको थियो ।

# जनकपुर-जटही सडकखण्ड अवरुद्ध

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम-जटही सडकखण्डमा अटो र टेम्पोको अव्यवस्थित तथा अनियन्त्रित सञ्चालनका कारण उत्पन्न समस्या विरुद्ध बस सञ्चालकहरू विरोधमा उत्रिएका छन् । उनीहरूले सडकमा नै बस तेर्साएर अवरुद्ध गरेका छन् । सो सडक पूर्णरूपमा ठप्प हुँदा यात्रुहरु सास्ती भोग्न बाध्य छन् । जनकपुरधाम-जटही सडकखण्डमा पछिल्ला दिनमा अनियन्त्रित रूपमा सञ्चालन हुँदै आएका अटो र टेम्पोहरूले सवारी व्यवस्थापनमा अवरोध पुऱ्याएको भन्दै बस सञ्चालकहरूले सडकमा उत्रिएका थिए । प्रदर्शनकारीहरूले बीच सडकमै सवारीसाधन लगाएर सडक जाम गरेका थिए । यात्रु प्रदिप चौधरीले विरोधका कारण बसभित्र रहेका यात्रुहरू अत्यन्त कष्टकर रहेको बताए । उनले यत्रो चर्को घाममा महिला, बालबालिका र वृद्ध यात्रुहरू बसभित्र सास फेर्न मुस्किल हुने गरी कोचिएर बसेको गुनासो गरे ।

# पुनर्स्थापनाको माग गर्दै हरवाचरवाको प्रदर्शन




**टुडे समाचारदाता**

जनकपुरधाम । हरवाचरवाहरूले पुनःस्थापना र कार्यविधि पारितको मांगसहित मधेश प्रदेश सरकारका मुख्यमन्त्री कार्यालय अगाडि विरोध प्रदर्शन गरेका छन् ।

तेश्रो हरवाचरवा मुक्ति दिवसको अवसरमा आफ्ना माग पूरा गराउन प्रदेश सरकारलाई दबाव दिने उद्देश्यले शुक्रबार दिउँसो सो दबाबमूलमक विरोध प्रदर्शन गरिएको छ ।

हरवा चरवा प्रथा मुक्तिको घोषणा भएको ३ वर्ष वितिसक्दा पनि सरकारले पुनस्थापनाका लागि कार्यविधि पारित गर्न नसकेको, बसोबासका लागि जग्गा उपलब्ध लगायतका मांग पूरा गराउन दबाव दिने उद्देश्यले प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन यो दबावमुलक विरोध प्रदर्शन गरिएको राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका महासचिव लागेन्द्र सादाले बताए ।

'मुक्त हरवाचरवाको न्यायिक पुनर्स्थापना हाम्रो सरोकार, भूमि, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा हाम्रो अधिकार' भन्ने नाराका साथ सो समूहले जनकपुरधामको विभिन्न स्थानमा दबावमूलक रयाली समेत प्रदर्शन गरेका छन् ।

हरवाचरवाको पुनर्स्थापनाका लागि विस्तृत कार्ययोजना र कार्यविधि सम्बन्धित अविलम्ब, पारित गर्नुपर्ने, हरवाचरवालाई जीविकाको लागि कम्तिमा १० कठ्ठा जमिन प्रदान गर्नुपर्ने, वैकल्पिक रोजगारीमा लाग्न इच्छुक रोजगारीविहीनलाई तीन महिने, ६ महिने वा त्योभन्दा बढी समयको निःशुल्क सिपमूलक तालिम र १ लाखको बिउ पुँजी र आवश्यक औजार प्रदान गर्नुपर्ने माग उनीहरुले गर्दै आएका छन् । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सरकारले २०७९ साउन २ गते हरवाचरवा मुक्तिको घोषणा गरेको थियो । घोषणाको समयमा नेपाल सरकारले जाहेर गरेको प्रतिबद्धता कार्यविधि मार्फत पूरा गर्ने भनिएको थियो । तर अहिलेसम्म पनि पूरा हुन नसक्दा हरवा चरवाहरू आन्दोलनरत छन् ।

मधेश प्रदेशका ८ वटै जिल्लाका हरवा चरवाको प्रतिनिधित्वमा गरिएको सो रयाली तथा विरोध प्रदर्शन कार्यक्रममा सहयोगी संस्थाहरू फ्रिडम फण्डका ब्रम्हदेव राम, दलित अधिकार संगम (आरडीएन) का ममता विश्वकर्मा, संजय महरा, सामुदायिक सुधार केन्द्र (सिआईसी) का सतिश ठाकुर र रामवरण दास लगायतका व्यक्तिहरूको समेत सहभागिता रहेको थियो ।

# स्रोत नखुलेको रकमसहित एक पक्राउ



**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौर नगरपालिकाको सीमावर्ती क्षेत्रस्थित महादेवपटीबाट स्रोत खुल्न नसकेको रकमसहित भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार बिहीबार साँझ पक्राउ परेका भारतीय नागरिकलाई जिल्ला प्रहरी कार्यालय रौतहटले सार्वजनिक गरेको छ ।

गौर-२ स्थित महादेवपटी टोलको बाटोमा जाँच गर्नेक्रममा प्रहरीले भारतबाट आउँदै गरेका पैदलयात्रुको शरीर खानतलासी गर्दा भारतको बैरगनिया नगरपञ्चायत १३ बाबालाल दास मठ टोलका ४३ वर्षीय महेशकुमारको तिघ्रामा ईलास्टिकले बेरेर ल्याउँदै गरेको ३ लाख रुपैयाँसहित पक्राउ गरेको रौतहट प्रहरीका डीएसपीसमेत रहेका प्रवक्ता दीपककुमार रायले जानकारी दिए । उनले भने, 'लुकाएर ल्याएको रकमबारे प्रमाण माग्दा महेशले दिन सकेनन्, त्यसपछि पक्राउ गरेर अनुसन्धान थालेका हौं ।'

रौतहट प्रहरीले रकम र भारतीय नागरिकलाई कारबाहीको लागि गौर भन्सार बुझाउन लागेको जनाइएको छ । बाहिरी देशबाट आर्जन गरेको रकम औपचारिक माध्यमबाट नपठाई एजेन्ट, निजी व्यापारी, व्यक्ति वा दर्ता नभएका एजेन्सीमार्फत नेपाल पठाउने वा नेपालबाट बाहिरी देशमा हुण्डीमार्फत पठाउने काम पछिल्लो समय सीमाक्षेत्रमा ह्वात्तै बढेको छ ।

हुण्डी कारोबार गर्नेहरुले कुनै पनि देशको कानुन अनुसार रेमिट्यान्स कारोबारको स्वीकृति लिएका हुँदैनन् । भारतबाट नेपाली रुपैयाँ बोकाएर पठाउने भरियाहरु मात्र पक्राउ पर्ने गर्छन् । मुख्य व्यक्तिसम्म पुग्न नसकेको रौतहट प्रहरीले स्विकारेको छ ।

रौतहट प्रहरीका एसपी नेत्रमणि गिरीले पक्राउ परेकाहरुले ज्यान गए पनि मुख्य मानिसको नाम भन्नै नखोज्ने बताए ।

# ७ क्वीन्टलभन्दा बढी गाँजा बरामद

**टुडे समाचारदाता**

लहान । सिरहाको सुखीपुर नगरपालिका-४ स्थित पोखरियाको एक घरमा लुकाई राखिएको ठूलो परिमाणको लागूऔषध गाँजा प्रहरीले बरामद गरिएको छ ।

बरामद गाँजाको तौल ७१७.६ किलोग्राम रहेको छ भने घरधनी फरार रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

गोप्य सूचनाको आधारमा २०८२ साल साउन २ गते बिहान ६ बजे प्रहरी चौकी सिलौर्वा पछ्वारीका प्रमुख प्रहरी सहायक निरीक्षक नन्दु राउतको कमाण्डमा चार जना प्रहरी र सशस्त्र प्रहरी बल बेसक्याम्प सुखीपुरका सशस्त्र प्रहरी नायब निरीक्षक अनिल कुमार यादवको कमाण्डमा चार गरी आठ जनाको संयुक्त टोली खटिएको थियो । टोलीले पोखरिया निवासी करिब ६० वर्षीय मेदी यादवको घरमा छापा मार्दा घरभित्र २६ वटा पोका गाँजा फेला परेको थियो ।

पछि थप अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय सिरहाबाट प्रहरी निरीक्षक राज यादवको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा पुगेको थियो ।

शुक्रबार बिहान थप १ पोका गाँजा फेला परेपछि बरामद पोका संख्या २७ पुगेको छ, जसको कुल तौल ७१७।६ केजी रहेको प्रहरीले जनाएको छ । हाल घरधनी मेदी यादव फरार रहेका छन् र खोजी कार्य जारी रहेको छ ।

बरामद गाँजा तथा आवश्यक अनुसन्धानका लागि सम्बन्धित कानुनी प्रक्रिया पूरा गरी जिल्ला प्रहरी कार्यालय सिरहा पठाइएको सिरहा प्रहरीले जनाएको छ ।

डेंगीबाट बचौ र बचाऔं ।

लक्षण:
- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिबिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:
- लामखुट्टेबाट बच्न पुरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं,
- एयर कुलर, पानी टंयाकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं ।

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो ।"

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८